*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६३

नेपाल सम्बत् ११३९

इस्वी सम्बत् २०१९


बिक्रम सम्बत् २०७६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**15th AUG 2019**


| वर्ष- ३७ | अङ्क- ४ | गुंपुन्हि | श्रावण २०७६ |
|---|---|---|---|


लाभ प्राप्त (भौतिक सुख सुविधाको लाभ) हुने मार्ग अर्कै हो, निर्वाण प्राप्त हुने मार्ग अर्कै हो । भिक्षुहरूले बुद्ध शासनमा यस कारणलाई जानी सत्कार प्राप्त गर्ने इच्छा त्यागी एकान्त बास गर्ने चर्या बृद्धि गर्नु पर्दछ ।

गलत इच्छा गर्ने भिक्षुले भिक्षुगणमा ठूलो बन्ने इच्छा राख्दछ । मठ र विहारको मालिक बन्ने इच्छा राख्दछ । अरूहरूको कूलमा पूजित बन्ने इच्छा राख्दछ । काम पर्ने बेला मैले भने जस्तै हुनुपर्छ भन्ने इच्छा राख्दछ । यस्तो अभिलाशा गर्ने मूर्खको इच्छा र अभिमान बढ्दै जान्छ ।

मूर्खहरूको बुद्धि सबै अनर्थकर हुन्छन् । मुर्खहरूले आफ्नो मूर्खताको कारणले आफ्नो प्रज्ञा तथा कुशल कर्म सबै ध्वंश गर्छन् ।

Downloaded from http://www.dhamma.digital

▪ सम्पादकीय ▪

# घरकी लक्ष्मी हुन् महिला

परिवारमा सुख शान्ति कायम गराउनका लागि आमा बुबा र छोराछोरीहरू बिच परस्पर विश्वास र कर्त्तव्यपालनको आवश्यकता रहेको हुन्छ । आमा बुबालाई पहिलो गुरू र संरक्षकको रूपमा लिइएको छ । ती मध्ये पनि धेरैजसो परिवारमा छोराछोरीका लागि आमा नै परम मित्र बनिरहेकी हुन्छिन् । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

"माता मित्तं सके घरे"

अर्थात्- परिवारमा आमा नै विश्वास गर्न योग्य मित्र हुन् । जुन आमाले यसरी विश्वास पात्रको भूमिका निभाइरहेकी हुन्छिन् । त्यस परिवारका सदस्यहरूले सुख शान्तिपूर्वक श्वास फेर्न पाइरहेका हुन्छन् । किनभने असल आमाले आफ्नो सन्तानको भविष्य उज्ज्वल पार्न हरसम्भव प्रयास गर्छिन् । आफ्ना छोराछोरीलाई नैतिक शिक्षा सिकाउँदै उनीहरूको भविष्य सपार्न मेहनत गर्छिन् । यसरी एक सुशिक्षित आमाको छत्रछायाँमा हुर्कन पाउने सन्तान भाग्यमानी हुन्छन् ।

यस्ती असल श्रीमतीले आफ्ना श्रीमान्ले रगत पसीना चुहाई कमाएको धनलाई उचित तरिकाले सुरक्षा गर्छिन् । फजुल खर्च रोकी मितव्ययिता अपनाउन सिपालु हुन्छिन् । यसरी उनी घरपरिवारलाई उन्नति पथतर्फ डोऱ्याउने जिम्मा बोकी अगाडि बढेकी हुन्छिन् ।

घरायसी काम गर्न अल्छी मान्दिनन् । यस्ती मिलनसार र कर्त्तव्यपरायण श्रीमतीलाई श्रीमान्ले उचित सम्मान गर्न अनिवार्य छ ।

एक कर्त्तव्यपरायण विवाहित पुरूषको लागि सहयोगी मित्रहरू मध्ये प्रमुख मित्र नै उसको विश्वासपात्र श्रीमती हुन्छिन् । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ–

"भरिया परमा सखा"

कर्त्तव्यपरायण श्रीमती मात्र विश्वास पात्र हुन्छिन् । यस्ती श्रीमतीलाई मात्र इमान्दार पूर्वक कमाएको धन सुम्पनु योग्य छ । तर विश्वासघाती श्रीमतीलाई धन सुम्पनु मूर्खतापूर्ण कार्य हुनेछ ।

यहाँ विचारणिय कुरा अर्को पनि रहन्छ । श्रीमतीले जति इमान्दारपूर्वक आफ्नो कर्त्तव्य निभाउँछिन्, श्रीमान्ले पनि त्यति नै इमान्दार पूर्वक आफ्नो कर्त्तव्य निभाउन जरूरी छ । अनि मात्र उक्त परिवारको भविष्य उज्ज्वल र सुखमय बन्नेछ । यी दुई मध्ये कोही एक कर्त्तव्य हीन हुन पुग्यो भने उक्त घर स्वर्ग होइन नर्क बन्न पुग्छ । त्यसैले भगवान् बुद्धले श्रीमान् र श्रीमती दुवैको आ-आफ्नो जिम्मेवारीलाई सिगालोवाद सूत्रमा प्रष्ट उल्लेख गर्नुभएको छ ।

सिगालोवाद सूत्रमा उल्लेखित उक्त ज्ञान परिवार स्वर्ग बनाउन परिवारका हरेक सदस्यहरूले अध्ययन गरी पालन गर्न अत्यावश्यक देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध शिक्षा के हो ?

✍ सत्य नारायण गोयन्का

( सन् १९५१ मा सयाजी ऊ बा खिनद्वारा बुद्ध शिक्षा के हो भन्ने विषयमा दिनुभएको प्रवचनको सारांशलाई पूज्य गुरुजी सत्यनारायण गोयन्काजीले हिन्दीमा अनुवाद गर्नु भएको थियो । )

आज बुद्ध शिक्षा के हो भन्ने बारे आफ्नो विचारलाई तपाईंहरू सामू राख्ने प्रयास गर्दैछु । आफ्नो कुरा राख्नुभन्दा पहिले यहाँहरूलाई एउटा कुरा स्पष्ट भन्न चाहन्छु कि मैले कुनै विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेको छैन, त्यस्तै आधुनिक युगको विज्ञानको बारेमा पनि मलाई धेरै ज्ञान छैन, साधारण मानिसले बुझ्केको जति मात्र म बुझ्दछु । म बुद्ध शिक्षाको दार्शनिक विषयको पण्डित पनि होइन र मलाई पालि भाषाको पनि त्यति ज्ञान छैन, त्यसैले वर्मी पण्डितद्वारा बर्मी भाषामा लेखिएको त्रिपिटकको टिप्पणी भने अवश्य पढेको छु। मैले बुद्ध शिक्षालाई सैद्धान्तिक दृष्टिकोणबाट कम र ब्यवहारिक दृष्टिकोणले अधिक अध्ययन गरेको छु। त्यसैले म यहाँ जुन कुरा राख्दैछु त्यसलाई बुझ्न तपाईंहरूलाई अत्यन्त नै सजिलो हुनेछ ।

म यहाँ यो पनि भन्न चाहन्छु कि यो बुद्ध शिक्षामा म एकजना विद्यार्थी हुँ र बुद्ध शिक्षाको विभिन्न प्रयोगात्मक प्रकृयाद्वारा प्रकृतिको स्वभावको, सत्यताको अन्वेषण गर्दैछु । म एकजना गृहस्थ हुँ र साथमा एकजना उच्च सरकारी अधिकारी हुनुको कारणले यो बुद्ध शिक्षाको अभ्यास गर्न कम समय मात्र पाउँछु र त्यस थोरै समयलाई म यस काममा उपयोग गर्छु । यसैकारण मेरो प्रगति यस क्षेत्रका सुस्तरी भईरहेको छ । त्यसैले म यहाँ जुन कुरा भन्न लागिरहेको छु ती सबै सत्य नै हो भन सक्दिन, हुन सक्छ सही पनि होला गलत पनि हुन सक्ला । तर म यहाँ यति विश्वास दिलाउन चाहन्छु कि म यहाँ जे जति भन्दैछु ती मेरो तर्फबाट पूर्ण सत्य, सद्भावना र गहिरो विश्वासका साथ भन्दैछु ।

भगवान बुद्धले "कालाम सुत्त" मा भन्नु भएको छ–

"तिमी कुनै कुरा त्यसै स्वीकार नगर्नु कि यो पहिलादेखि सुन्दै आएको हो, त्यसैले स्वीकार नगर्नु कि यो परम्परागत मान्यता र पुस्तौं देखि चल्दै आएको हो, त्यसैले स्वीकार नगर्नु कि अधिक मानिसहरूले त्यही कुरा भन्दै आएको छ, त्यसैले स्वीकार नगर्नु कि यस कुराको प्रमाण कुनै शास्त्रमा लेखिएको छ अथवा ऋषिले भनिएको हो, त्यसैले स्वीकार नगर्नु कि अधिक मानिसहरूले त्यही कुरा भन्दै आएको छ, त्यसैले स्वीकार नगर्नु कि यो कुरा हाम्रो मत र परम्परा अनुसारको छ, त्यसैले स्वीकार नगर्नु कि यी कुरा हाम्रा पूज्य गुरुले भनिएको हो । जब तिमी स्वयं आफ्नो अनुभवले थाहा पाउँदैनौ, आफुले जाँचेर यो तर्क अनुकूल छ, सर्वहितकारी छ भन्ने थाहापायौ भने मात्र त्यसलाई स्वीकार गर्नु र त्यस अनुसारको जीवन जिउनु ।"

त्यसैले म तपाईंहरूसंग यो निवेदन गर्दछु कि जब म यहाँ दार्शनिक सिद्वान्तको ब्याख्या गर्दछु कृपया त्यसलाई तब सम्म स्वीकार नगर्नु जब सम्म तपाईलाई पूर्ण विश्वास हुँदैन कि यो कुरा तर्क सम्मत छ, ब्यावहारिक छ ।

सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।<br>
सचित्त परियोदपनं, एतं बुद्धानसासनं ॥

कुनै पनि पाप कर्म नगर्नु, कुशल (पूण्य) कर्म गर्नु र चित्त निर्मल गर्नु, यही बुद्धहरूका शिक्षा हुन् ।

धम्मपदमा उल्लेख गरिएको यो श्लोकमा बुद्ध शिक्षाको संक्षिप्त सार समावेश गरिएको छ । सुन्दा यो श्लोक अत्यन्त सरल लाग्छ तर ब्यवहारमा लागु गर्न त्यत्तिकै कठीन छ । बुद्धको सिद्धान्तलाई आफ्नो जीवन ब्यवहारमा लागु नगरी कोही ब्यक्ति उहाँको अनुयायी हुन सक्दैन भगवान बुद्धले भन्नु भएको छ –

"जुन परम सत्यलाई मैल साक्षात्कार गरेको थिएँ त्यसैलाई बताउँदैछु । यसलाई बुझ्नु, अपनाउनु, ध्यान गर्नु र अन्यलाई पनि बाँड्नु ता कि यो सद्धर्म देव तथा मनुष्यहरूको हित-सुखको लागि चीरकालसम्म बाँची रहोस् ।"

भगवान बुद्धको शिक्षाको बारेमा बोल्नु भन्दा पहिला भगवान बुद्धको शिक्षाका प्राथमिक चरणहरू र उहाँको जीवन कथालाई बताउन चाहन्छु ता कि बुद्ध मान्यताका पृष्ठभूमि पनि केही बुझुन् सायद यहाँहरू मध्ये धेरैलाई यो कुरा नयाँ पनि हुनसक्छ । यहाँ म तपाईंहरूलाई विश्व, ब्रह्माण्ड, विभिन्न लोक भुवन र प्राणी जगतको सम्बन्धमा बुद्ध-सिद्धान्तको धारणा कस्तो छ, यस्को संक्षिप्त परिचय गराउन चाहन्छु । यस परिचयद्वारा तपाईलाई धेरै कुरा



Downloaded from http://www.dhamma.digital

स्पष्ट हुनेछ । यस कुरालाई शान्तिपूर्वक सुन्नु होला । विश्वको बारेमा बुद्धको मान्यता यसप्रकार छ–

पहिलो "ओकास लोक" (अवकाश लोक) हो, जहाँ समस्त नाम-रूप, चित्त र शरीर भएकाहरू रहन्छन् । यहाँ नाम र रूप (चित्त र शरीर) को प्रधानता छ जो कार्य कारणको क्रमिक नियममा बाँधिएका छन् ।

दोस्रो 'संस्कार लोक' (चित्तवृत्ति तथा चेतनाका लोक) छ । मन द्वारा उत्पत्ति भएका कायिक, वाचिक र मानसिक कर्मको सहारामा यो मनोलोक उत्पन्न हुन्छ ।

तेस्रो 'सत्तलोक' हो । जहाँ मानसिक शक्ति र त्यसका कर्म द्वारा उत्पन्न दृष्य र अदृष्य सत्त्वहरू, प्राणीहरू निवास गर्दछन् । यी तीनै लोक एक अर्कोसंग सम्वन्धित छन् । मानौं तीनै वटा एउटैमा समेटिएको छ । तीन वटा गाँसिएर एउटै बनेको छ ।

अब ब्रह्माण्डको बारेमा भन्छु, सायद यो कुरा सुन्न सबैलाई रहर होला । चक्रवाल, ब्रह्माण्डको क्षेत्र अथवा ब्रह्माण्डको परिधिको ब्याख्या । प्रत्येक चक्रवालमा ३१ भुवन हुन्छन् । प्रत्येक चक्रवालमा आ-आफ्नो मानव जगत छन्, आ-आफ्नो सुर्यमण्डल छ, आ-आफ्ना प्राणी-जगत छन् । यस्ता चक्रवालहरूको संख्या अनगिन्ती छन् । ती मध्ये हाम्रो चक्रवालको वरिपरि रहेका दश हजार चक्रवाल यस्ता हुन् जस्लाई बुद्धको ज्ञाति क्षेत्र मानिन्छन् । अर्थात् बुद्ध यही क्षेत्र मध्येमा प्रकट हुन्छन् । जब भगवान सिद्धार्थ गौतमले कपिलवस्तु नजिकैको महावनमा महासमय सुत्तको देशना गर्नु भयो तब हाम्रो चक्रवालको मात्र होइन यस्तै १० हजार चक्रवालका देव-ब्रह्माहरू धर्म सुन्न आएका थिए । यस बाहेक शत सहस्र कोटि चक्रवालहरूका समूह छन् जहाँका प्राणी बुद्धको अनन्त करूणा र मैत्रीद्वारा प्रभावित हुन्छन् । त्यसैले यस्ता क्षेत्रलाई उहाँको 'आणाखेत्त' (आज्ञा क्षेत्र) अर्थात् प्रभाव क्षेत्र भनिन्छ । र बाँकि असंख्य चक्रवाल यस्ता छन् जहाँ बुद्धको आवरण रहित, ज्ञान भन्दा परका छन्, यस्ता चक्रवाललाई 'विषय क्षेत्र' भनिन्छ । यी क्षेत्र बुद्धको प्रभाव क्षेत्र भन्दा बाहिर छन्, त्यहाँ बुद्धको चित्तवृत्तिहरूको प्रभाव पर्दैन, उहाँको मैत्री-करूणाबाट प्रभावित, लाभान्वित हुन सक्दैन ।

यसरी बुद्ध शिक्षामा अखिल विश्वको वृहत ब्याख्या गरिएको छ । यस अनन्त ओकास लोकमा हाम्रो यो संसार कति सानो छ, मानौं अनन्त आकाशमा उडिरहेको एउटा सानो धूलोको कण जस्तो ।

आऊ ! अब यो चक्रवालको तीन लोक र ३१ भूवनको बारेमा भन्दछु । यस्तै लोक र भुवन प्रत्येक चक्रवालमा हुन्छन् ।

ती ३१ भुवनलाई तीन लोकमा विभाजित गर्न सकिन्छ ।

(क) अरूप लोक : यो ब्रह्मलोक हो । यसमा चारवटा ब्रह्म भुवन पर्दछ । यो भुवन ठोस पदार्थ भौतिक पदार्थबाट होइन केवल चित्तका तरङ्गबाट बनेको छ ।

(ख) रूप लोक : यस्मा १६ वटा ब्रह्म भुवन पर्दछ । यो अत्यन्त सूक्ष्म रूपबाट, सूक्ष्म भौतिक पदार्थबाट बनिएको छ ।

(ग) काम लोक : यस्मा निम्न भुवनहरू पर्दछन् –

क) छः देव भुवन :–

(१) चतुर्महाराजिका (२) तावतिंस (३) याम (४) तुसित (५) निर्माण रति (६) परिनिर्मित वसवर्ती

ख) मानव भुवन :–

ग) चार अधो भुवन (अपाय भूमिहरू)

(१) निरय (नर्क) (२) तिरच्छन–तिर्यक (पशु पंक्षी आदि) (३) प्रेत प्राणी (४) असुर

कार्यक, वाचिक र मानसिक कर्महरू द्वारा कार्य हुँदा जुन समय जस्तो चेतना हुन्छ मनले त्यस समय त्यस्तै चित्तवृत्तिहरू उत्पादन गर्दछ र त्यही अनुसारको यो लोक शुद्ध-अशुद्ध, शीतल-गर्मी, प्रकाशमय–अन्धकारमय, सुखमय-दुःखमय हुने गर्दछ । एउटा उदाहरणले बुझौं कि एकजना अत्यन्त सम्पन्न धार्मिक व्यक्तिलाई हेरौं । उस्ले आफ्नो अपरिमित मैत्री र करूणाले समस्त प्राणी जगतलाई प्रभावित गर्न सक्छ । यस्तो गर्दा उनको चित्तवृत्तिहरू त्यस्तै उत्पाद हुन्छ जुन शुद्ध हुन्छ, शीतल हुन्छ, प्रकाशमयी हुन्छ, सुखमयी हुन्छ, सौमनस्यपूर्ण हुन्छ, जस अनुसार उनको उत्पन्न ब्रह्मलोगमा हुन्छ । त्यस्तै अर्को एउटा उदाहरण लिऊँ । एकजना धर्म विपरीत ब्यक्ति जो एकदम असंतुष्ट छ, क्रुद्ध छ । उनको चेहरा देख्ने वित्तिक्कै भन्न सकिन्छ कि उनको मनमा कति अशुद्धि छ, ताप छ, अन्धकार छ, भारीपन छ, दुःख छ । यस्तो अवस्थामा उस्ले दौमनस्यपूर्ण द्वेषजन्य चित्तवृत्तिहरू उत्पन्न गर्दछ भने अधोलोकगामिनी नै हुन्छ । द्वेष झैं लोभ र मोहजन्य चित्तवृतिहरू उत्पन्न भयो भने पनि अधोगतिगामी नै हुन्छ ।



Downloaded from http://www.dhamma.digital

भविष्यमा सुखमय जीवन चाहन्छौ भने दान, भक्ति, सदाचार सुकर्म गर्नु पर्छ त्यस्तो चित्तवृत्तिहरूका कारण देव अथवा मनुष्यलोकमा उत्पन्न हुने हुन्छ ।

सज्जन तथा सन्नारिहरू ! बुद्ध मान्यताको यस कुरालाई बुझेपछि बुद्धको जीवनलाई बुझ्न तपाईंहरूलाई सजिलो हुनेछ । अब भगवानको जीवन कथालाई बुझौं ।

**निदान कथा (बुद्धत्त्व प्राप्तिको लागि पूर्व प्रयत्न)**

जुन कल्पमा पाँचजना सम्यक सम्बुद्ध प्रकट हुने निश्चित हुन्छ त्यस कल्पलाई भद्र कल्प भनिन्छ । वर्तमान कल्पलाई भद्र कल्प भनिन्छ । यस कल्पका चौथौं बुद्ध सिद्धार्थ गौतम हुन् । उहाँ भन्दा अघि भगवान ककुसन्ध, कोणागमन र काश्यप बुद्ध उत्पन्न भईसकेको छ । यस कल्प भन्दा अघि अनगिन्ती कल्पहरूमा असंख्य बुद्धहरू उत्पन्न भई सकेका छन् । ती सबै बुद्धहरूले एउटै धर्म उपदेश दिएका थिए । जुन धर्मलाई ग्रहण गरेमा प्राणीहरूको जन्म र मृत्युको दुःखबाट मुक्त हुनेछ । सबै बुद्ध महाकारूणिक, महातेजस्वी र सर्वज्ञ हुन्छन् ।

अनेक कल्प अगाडि, एकपटक जब धरतीमा भगवान दिपंकर उत्पन्न भएको थियो । त्यस समय सुमेध नामको ऋषिले उहाँको दर्शन गरे ती तापस उहाँबाट यति प्रभावित भए कि उनले त्यसैक्षण एउटा प्रण गरे कि भविष्यमा आफू पनि सम्यक सम्बोधि प्राप्त गर्नेछ र यसको लागि चाहिने कठीन भन्दा कठीन साधना-तप पूरा गर्नेछ, यसको लागि जति सुकै कष्ट सामना गर्नु परे पनि तयार रहेको घोषणा गरे । दीपंकर बुद्धले ती तापस सुमेधको यस्तो शुभ संकल्पलाई जाँचेर हेर्नु भयो र अनुमोदन गर्नुभयो । भगवान सम्यक सम्बुद्ध दीपंकरले भविष्यवाणी गर्नुभयो कि चार असंख्य र एक लाख कल्प पछि यी सुमेध तापस "गौतम" नामको सम्यक सम्बुद्ध बन्नेछ । यस पछि बोधिसत्व (अगामी बुद्ध) ले अनेक जन्म जन्मान्तरमा बुद्ध बन्नका लागि आवश्यक दश पारमिता (सद्गुणका परिपूर्णता) का अभ्यास गर्दै रहे र उच्चतम चित्तवृत्तिहरूको संग्रह संचित गर्दैरहे ।

दश वटा पारमीहरू निम्न छन् :–

(१) दान पारमी (२) शील पारमी (३) निष्क्रमण पारमी
(४) प्रज्ञा पारमी (५) वीर्य पारमी (६) क्षान्ति पारमी
(७) सत्य पारमी (८) अधिष्ठान पारमी (९) मैत्री पारमी
(१०) उपेक्षा पारमी

यस प्रकार सम्बोधि प्राप्त गर्नु सजिलो काम होइन, अत्यन्त कष्ट सहनु पर्ने हुन्छ । यसबारे सोच्नको लागि पनि असीम मानसिक शक्तिको आवश्यक पर्दछ ।

बोधिसत्वले असंख्य जन्म-जन्मान्तरमा संचय गरेको पारमिताहरूको परिपूर्णता उहाँले त्यस जन्ममा गरे जब उहाँ दानवीर महाराज बिसन्तर भएर जन्म लिएका थिए । यस जन्ममा उनको दान सर्वश्रेष्ठ थियो । उहाँले राज्य, धन-सम्पदा, ऐश्वर्य-आराम, र आफ्ना श्रीमती र छोरा-छोरी समेत दान गरेका थिए । यस प्रकार पटक-पटक जन्म लिंदै भगवान दीपंकर बुद्ध सम्मुख लिएको प्रणलाई पूर्ति गरे । त्यस जन्म पछि उहाँ सेतकेतु नामको प्रतापी देवताको रूपमा तुषित देवलोकमा उत्पन्न भए । अन्तिम जन्म लिने समय नआउञ्जेल सम्म त्यहीं स्वर्गलोकमा प्रतिक्षा गर्दै रहे ।

समय भएपछि कपिलवस्तुका महाराज शुद्धोदनको रानी महामायाको गर्भ लाभ गरे । प्रसबकाल नजिकिंदै गर्दा रानीले माईत जाने इच्छा गरिन । महाराज शुद्धोदनले उनको इच्छा पूरा गर्न आवश्यक दास-दासी र रथको ब्यवस्था गरिदिए र टोली उनको माईती तर्फ लागे । टोली लुम्बिनीको शालवनमा पुगेको थियो, बगैंचा अत्यन्त रमणीय र फूलका वास्ना सर्वत्र फैलिएका थिए । केही समयको लागि टोली त्यहीं रहे । रानी महामायाले लुम्बिनी वन घुम्ने इच्छा प्रकट गरिन । तब पालकीबाट ओर्ले । शालवनको रमणीय वातावरणको आनन्द लिंदै रानी एउटा शालवृक्ष मुनी उभिइन् । एउटा फूल टिप्नको लागि दाहिने हातले रूखको डाली के समाएकी थिइन् अप्रत्याशित रूपमा एकजना बालकलाई जन्म दिईन । जो भविष्यमा सम्यक सम्बुद्ध बन्ने वाला थिए । यस बालक जन्मिने बित्तिक्कै विश्वमा ३२ प्रकारका चमत्कारपूर्ण अप्राकृतिक घटनाहरू घटे । समस्त भौतिक संसार प्रकम्पित भयो । सूर्यमण्डल अभूतपूर्व प्रकाशले दिब्यमान भए । सर्वत्र देव दुंदुंभिको शब्द सुनिन थाले-आदि-आदि ।

त्यस समय महाराज शुद्धोदनका राजगुरु काल देवल तावतिंस देवलोकमा गएका थिए, त्यहाँ अन्य देवताहरूलाई उपदेश दिइरहेका थिए । ऋषि कालदेवले समाधिको आठौं ध्यान प्राप्त गर्नुका साथै अनेक ऋद्धि सिद्धि पनि प्राप्त गरेका थिए । जब उनले आफ्नो दिब्य दृष्टि द्वारा हेरे तब यी समस्त नाम र रूपको लोकमा



Downloaded from http://www.dhamma.digital

एकाएक जुन आनन्द र उत्साह छाएको थियो त्यो त शुद्धोदनका पुत्र जन्म भएको कारणले रहेछ भन्ने थाहापाए । तब तुरून्त देवलोकबाट मनुष्य लोकमा शुद्धोदनको दरवारमा पुगे । त्यहाँ नवजात शिशुलाई आशीर्वाद दिन बोलाए तब ती शिशुलाई गुरूको चरणमा राख्न के थालेको थियो  त्यहाँ एउटा चमत्कारी घटना घट्यो । एकाएक वालकको पैताला गुरुको टाउकोमा छुन पुग्यो । कुलगुरुले तुरून्त थाहापाईहाले यी बालक साधारण होइन, बोधिसत्व हुन् । यो थाहापाएर उनी एकदम प्रसन्न भए । तर साथमा उनले यो पनि थाहापाए की जबसम्म यो बालक सम्यक सम्बुद्ध बन्नेछ तब त उनको आयु सकिएर मनुष्य लोकबाट मृत्यु भई अरूप ब्रह्मलोकमा उत्पन्न हुनेछ । जहाँ उनले यो भौतिक जगतसंग सम्पर्क गर्न सक्दैन । त्यसैले उनले सम्यक सम्बुद्धको उपदेश सुन्न पाउने छैन, उहाँ दर्शन गर्न पाउने छैन । तब उहाँलाई दुःख लाग्यो अतः रून थाले ।

पाँचौ दिन बालकको नामकरण गरेर "सिद्धार्थ" राखियो । यस अवसरमा ठू-ठूला ज्योतिषी र पण्डितहरू जम्मा भए तब उहाँहरूले यी बालकमा बुद्धत्व प्राप्त गर्ने लक्षण विद्यमान रहेको बताए । सातौं दिन आमा महामायाको निधन भयो तब शिशुको लालन-पालनको काम सानीआमा प्रजापति गौतमीले सम्भाले ।

राजकुमार सिद्धार्थ राजकीय सुख-सयलमा हुर्के । ठूलो भएपछि समय अनुसार बुद्धिशाली र बलशाली भए । बुबा महाराजले उनको सुख-सुविधामा कुनै कमी आउन दिएन । राजकुमारको सुविधाका लागि तीनवटा ऋतुका लागि छुट्टा-छुट्टै महल बनाई दिए । भोग विलासका साधन-सामाग्रीहरूबाट परिपूर्ण गरिदिए ता कि राजकुमार निरन्तर रूपमा आमोद-प्रमोदमा डुबिरहोस् । महाराज चाहन्थे कि आफ्नो छोरो जीवन पर्यन्त यही भौतिक सुख-सुविधामा भुलेर रहोस् र विरक्त भएर वैरागी भाव नआओस्, सम्यक सम्बुद्ध नबनुन् ।

त्यसैले यस्तो बैराग्य भाव आउन नदिन भर-पूर प्रबन्ध गरिएको थियो । जरा, ब्याधि र मृत्युको जानकारी दिने कुनै किसिमको चर्चा-परिचर्चा र गतिविधिबाट टाढै



राखि यस्तो नहुन-नगर्न ठूलो कडा निर्देशन दिएको थियो । साथै दरवार भित्र नाचगाना र रसरंगमा भुल्ने अनेक सुविधाहरू पनि सुलभ थिए ।

**महाभिनिष्क्रमण (गृहत्याग)**

तर समय बित्दै गए पछि यस विलासिताको जीवनबाट कुमारको मन हट्दै गयो, रसरंग फिका लाग्न थाल्यो । आफ्नो असंख्य पूर्व जन्ममा संचित कुशल कर्मद्वारा बुद्धत्व प्राप्तिको लागि जुन पारमिताहरू परिपूर्ण गरिएको थियो अब जागृत हुन थाल्यो समय पायो कि कुमारको चित्त विशुद्धि तर्फ लागेर प्रश्रब्धि प्राप्त गरि समाधिको अवस्था प्राप्त हुन्थ्यो । उनको भित्र अन्तर्द्वन्द्व बढ्न थाल्यो, उनलाई दरवारको चार पर्खाल भन्दा परको जीवन जगत हेर्ने चाहना भयो । राजा शुद्धोदनले रोक्न सकेन, कुमार शहर घुम्न निस्के । यस अवस्थामा उनले कहिले बूढो ब्यक्ति देखे, कहिले बिरामी देखे, मृत्यु वरण गरेका पनि देखे र सत्यको खोजी गर्दै रहेका सन्त-सन्यासी पनि देखे ।

यी दृष्यहरूबाट राजकुमारको मनमा ठूलो परिवर्तन आयो । गम्भिर सोचमा डुबाईदिए । यी सम्पूर्ण दुःखबाट पारलगाउने मार्गको खोजी गर्ने साहस आयो । आखिर यसैको लागि असंख्य जन्मसम्म पारमिताहरू पूरा गर्दै थिए, अब ती शक्ति एकसाथ जुटेर प्रबल भए त्यसै रात उनकी पत्नी यशोधराले पुत्र रत्न प्राप्त गरेका थिए । यो पुत्र मोह भव-बन्धनको लागि मजबुत हड्कडी हुन सक्थ्यो । त्यसैले एकदम मजबूत भएर एउटा अन्यन्त दीगो निर्णय गरे र जन्म, जरा, दुःख र मृत्युलाई जित्दै अघि बढ्ने मार्ग पत्तालगाउन गृहत्याग गरे । आफ्नो बाहन अश्व र छन्नलाई तयार गर्न लगाए र आधा रातमा दरवारको सुख, सयल, आमोद-प्रमोद सबै त्यागेर निस्के । साथै यो दृढ निश्चय गरे कि जबसम्म सिद्धि प्राप्त हुँदैन तबसम्म फर्कने छैन ।

*(साभारः 'विपश्यना' २०७६ जेष्ठ, वर्ष-३६, अङ्क २)*

**बनेपा ध्यानकुटी विहार तथा मैत्री केन्द्रलाई सहयोग**

१) राम बहादुर मानन्धर, साँगा रु. ५०००/-
२) राम बहादुर मानन्धर, साँगा रु. ५००/-
३) राकेश शाक्य, बनेपा रु. ५००/-



Downloaded from http://www.dhamma.digital

# "वर्षावास" केही चर्चा

✍ भिक्षु अश्वघोष

बुद्धकालिन समयको इतिहास पल्टाउँदै जाने हो भने वर्षावासको चलन शुरुदेखि देखिंदैन। बुद्धकालिन समयमा जैन समूहको प्रभाव सशक्त रहेको देखिन्छ। यही जैन समूहको अपवादबाट बच्नको लागि पनि भगवान् बुद्धले वर्षावास बस्नुपर्ने नियम लागु गर्नुभएको बुझिन्छ।

हुनत नियम भनेको मानिसहरूको सदाचारी जीवन निर्वाहको लागि हो। तर मानिस नियमको लागि होइन। वर्षावासको नियमले यस कुराको पुष्टि गरिरहेको छ। वर्षावासको नियमलाई लागु गर्नुभएको कारणले पनि भगवान् बुद्ध जनआवाजलाई कदर गर्नुहुने प्रजातन्त्रवादी गुरुको रुपमा प्रस्तुत हुनु भएको देखिन्छ।

वर्षावास नियम वर्षाकाल ३ महिनाको समयावधिमा पालन गर्ने गरिन्छ। यस नियम पालन गर्नुहुने भिक्षु भिक्षुणीहरूले वर्षाकाल ३ महिना सम्म एकै स्थानमा वसोवास गरी अन्यत्र स्थानको चारिका गर्नुहन्न। त्यस समयाबधिमा भिक्षु भिक्षुणीहरू आफूभन्दा ज्ञानगुणले परिपक्व गुरुको निर्देशनानुसार आफ्नो मनलाई अनित्य बोध-गराउन विपश्यना ध्यान भावना गरी समय बिताउने गर्नुहुन्छ। यस ३ महिना अवधिमा भिक्षु भिक्षुणीहरूलाई चतुप्रत्यय (खाना, लुगा, बास र औषधि) परिपूर्ति गरी पालन पोषण गर्ने जिम्मा लिनु भएका दाताहरूलाई धर्मोपदेश दिनुहुँदै धर्मप्रचार गर्नुहुन्छ।

यसरी वर्षावास नियम पालन गर्दा तल उल्लेखित फाइदाहरू प्राप्त हुन्छन्–

१) वर्षाकालमा यत्रतत्र हिंडिरहन नपर्ने भएको कारणले झरीको पानीले रुझी विरामी पर्ने भय हुँदैन।

२) आफूभन्दा ज्ञानगुणले परिपक्व गुरुहरू समक्ष रही धर्म अध्ययन गर्ने सौभाग्य प्राप्त हुन्छ।

३) वर्षाकाल ३ महिना सम्म संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुः ख र अनात्म) लाई आफ्नो अन्तरमनले ध्यान भावना गर्दै नियाल्ने सौभाग्य प्राप्त हुने भएकोले जुन व्यक्तिले होशियारीपूर्वक यस कार्यमा निरन्तर लाग्नेछ, त्यस व्यक्तिले आध्यात्मिक शान्ति प्राप्त गरी भाग्यमानी बन्न सक्नेछ।

४) उपासकोपासिकाहरूलाई धर्मोपदेश गरी बुद्ध - शिक्षा सिकाउने मौका प्राप्त हुनेछ।

५) वर्षात्कालमा पानीले रुझ्दै यताउता हिंडिरहेको भन्दै अरुले अपवाद गर्ने भयबाट बच्न पाउनेछ।

यी सबै बुद्धकालिन समयानुसार प्राप्त हुने फाइदाहरू हुन्। तर आजभोलीको समयानुसार वर्षावासका नियमहरू पालन गर्दा तल उल्लेखित फाइदाहरू प्राप्त हुने देखिन्छ।

१) एक भिक्षुले २२७ वटा नियमहरू पालन गर्नुपर्ने विनयले बताइरहेतापनि आजभोली धेरैजसो भिक्षुहरूले ती नियमहरूमध्ये कतिपय नियमहरूलाई बिर्सिसकेका छन्। तर यस वर्षावास बस्नुपर्ने नियमले ती बिर्सिसकेका नियमहरू फेरि स्मरण गराई यसलाई पालन गर्ने मौका प्रदान गरिरहेको छ। किनभने वर्षावास बस्नु केहि दिन अगाडि भिक्षुसंघ उपोसथागारमा जम्मा भई आपत्ति देशना गर्दै आत्मालोचना गर्नुपर्ने चलन छ। यही सिलसिलामा भिक्षु नियम स्मरण गर्ने चलन छ।

२) कथिन चीवर व्यक्तिगतरुपले कोही एक भिक्षुलाई प्रदान गरिदैन। भिक्षु संघलाई प्रदान गरिने यस चीवर दान कार्यले संघको महत्वलाई बुझाउने गर्दछ।

३) वर्षावास समापन हुँदा उपोसथागारमा भिक्षुसंघ एकत्र भई आ-आफ्नो गलती एवं भूलहरू व्यक्तगरी परस्पर क्षमा याचना गर्ने चलन छ। यसलाई पवारणा भनिन्छ। आत्लोचना गर्ने बानीले मानिसलाई होशियारी पूर्वक जीउने शक्ति प्रदान गर्दछ।

४) वर्षावास अवधि ३ महिना एकै स्थानमा बसोवास गरी अन्यत्र नजाने नियम पालन गरेपनि केही गरी बाध्यता आइपर्ने अवस्थामा ७ दिन सम्मको लागि बाहिर जान पाउने मौका पनि प्रदान गरिएको छ।

वाध्यता रुपी कारणहरू यसरी रहेका छन्–

क) धर्मोदेश दिन जानपरेमा।

ख) आमा बुबा र आफ्ना नाता कुटुम्बहरू विरामी परी हेरविचार गर्न जान परेमा।

ग) भोजन निमन्त्रणामा जानुपरेमा।

यसरी वाध्यतावस बाहिर जाँदा केही विघ्नवाधा नआए एक हप्ता भित्र फर्किनु पर्ने हुन्छ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# शुभकामना !



शुभकामना ! शुभकामना !! शुभकामना !!!
धम्मवती गुरूमाँ तपाईंलाई शुभकामना
छयासियौं जन्म दिनको उपलक्ष्यमा
मेरो हृदय देखि मुरी मुरी शुभकामना

हिजोको सानो ए गणेश कुमारी तिमी
आजको एक आदर्श धर्म गुरू हौ तिमी
नेपालमा थेरवाद बुद्ध धर्म प्रचारक तिमी
सामाज सुधारको एक नेतृ हौ तिमी

नेपालमा महिलाको अंन्धकार जगतमा
अशिक्षा र संकुचित महासागरमा डुवेका
माया करूणा रहीत हृदयहरूलाई
बुद्ध धर्मको महीमा बुझाई
परिवर्तन गरि दियौ धम्मवती तिमीले

वाल्यावस्था देखी वृद्धावस्था सम्म पनि
जोशिला जाँगरीला उतिनै भई
बुद्ध धर्मको प्रचार प्रसार सेवामा
दृढ भई अगाडी वढी वढी
संकल्प गऱ्यौ जीवनै रोग संग पनि नडराईं

चौधौ वर्षको कलिलो उमेर मा
भौंतारिन थाल्यौ गणेश कुमारी
बुद्धको जन्म देशमा बुद्ध शिक्षा नवुभ्ने
समाज देखि विरक्तिएर
महाअभिनिष्क्रमण गरी गणेश कुमारीले अनि

पैदल हिंडी नागालैण्ड जंङ्गलमा
दुःख डर भोक प्यास
चिसो गर्मी थकाई लाईपनि
पर्वाह नै नगरी साहसी वनी
पुगिन् धम्मवती म्यानम्यारमा अनि

अध्ययन गरिन् दिनै रातै
अति कथिन मेहनत गरी
विभूषित भईन “शासनधज धम्माचरिय” को उपाधिले उनी
बुद्ध भुमीमा फर्कियौ तिमी बुद्धको अंशीयार बनी
बुद्ध धर्मको प्रचार प्रसारमा चम्किलो तारा बनी

जीवनमा आई पर्ने तीता मीठा समस्यालाई पनि
उत्पत्ति विनासको प्राकृतिक नियमलाई
बुझीलिई एकाग्र मनको शक्तिले
लजाई पछाडि हटी बस्यो भयानक यमराज पनि

शुभकामना ! शुभकामना !! शुभकामना !!!
धम्मवती गुरुमां तपाइंलाई
सयौं वर्ष सम्म पनि शुभकामना यस्तै
दिन पाउँ यही हो मेरो आन्तरिक हृदयको
शुभकामना ! शुभकामना !! शुभकामना !!!

✍ **उपासिका लक्ष्मी हेरा तुलाधर**
डिल्लीबजार

## भिंका: ब्वने

धर्मकीर्ति पत्रिका वर्ष ३७, अङ्क ३, बु.सं. २५६३ असार पुन्हि अङ्कया पेज ल्या: १३ स अमृत रत्न ताम्राकार व कीर्ति तुलाधरया म्हसीका छ्योंगः दुगु च्वसुया च्वमि सुमित्रा तुलाधर जूगुलिं थुकीयात थुकथं हे भिंका: ब्वनादीत इनाप याना ।

- सं.



Downloaded from http://www.dhamma.digital

# "जय नमो श्री" म्येया रचनाकाल

मदन रत्न मानन्धर
सह-प्राध्यापक, त्रिचन्द्र क्याम्पस

थौं कन्हय्या नेपाःया लुम्बिनिइ थौं स्वयाः २६४३ दँ न्हापा (ई.पू. ६२३) या बैशाख पुन्हि कुन्हु जन्म जुया बिज्याःम्ह राजकुमार सिद्धार्थ न्यीगुदँया बैशय् (ई.पू. ५९४) मां, बौ, कलाः, काय् त्यागयानाः संसार दुखं अलग जुइ फइगु ज्ञान मालेत राजदरबार त्याग याना बिज्यात। खुदँ लिपा (इं. पूं ६००) स बुद्धगयाय् बोधिज्ञान लानाः बैशाख पुन्हिया हे दिनय् बुद्ध जुया बिज्यात। बुद्ध जुयाः दच्छि लिपा इं.पू. ६०१ या बैशाख पुन्हि कुन्हु थःगु देय् कपिलवस्तु बिज्यासें लि वसपोलं लुम्बिनिया नं यात्रा याःगु अनुमान दु। थ्व हे अनुमान यात चित्रकलाया माध्यमं चित्रण यानातःगु दृष्य पुलांपिं आपालं नेवाः बौद्ध पिनिगु छेँय् स्वये खने दु। अभ्क थौं कन्हय् वहे चित्रकलायात आधुनिक कथं प्रिन्ट यानाः न्हूधाः जूगु चित्रत आपालं थासय् खने दु। वास्तवय् बुद्धया लुम्बिनी यात्राया थुगु चित्रया सिर्जना "जय नमो श्री बुद्ध भगवान लुम्बिनि बनस बिज्यात" धयागु म्येया आधारय् जूगु खनेदु। उगु म्येया रचयिता सु खः धयागु खँ अनुसन्धानया हे बिषय तिनि। उकिइ ब्रम्हां बँ पुइकाः सरस्वतिं वसाः लायेकाः, अलंकापुरिया जुजु कुवेरं धन द्रव्य लायेकाः बायुदेवं पंखा गायेकाः (थौंकन्हय् ध्वजा ब्वयेका धकाः नं हाः) अग्नि देवं धूप थंकाः वरूण नागराजां जलधारा हायेकाः महादेवं डमरू थायेकाः नारायणं शंख पुइकाः जन्मराजां दण्ड (कथि) ज्वंकाः, इन्द्रं छत्र कुइकाः भिक्षुगणं च्वाम्बलं गायेकाः आकाशं स्वाँवा गायेकाः , दक्व जन मुंकाः शेषनागया म्हस बिज्यासे पूजा भाव कयाः बुद्ध लुम्बिनि वनस बिज्यात धयागु उल्लेख दु। म्येया दकलय् लिपा लिपा "वन गज रत्न साल श्री सुरेन्द्र महाराज" धकाः उगु म्येया रचनाकालयात साीहित्यिक भासं उल्लेख यानातःगु दु।

नेपाःया इतिहासय् नेपालय् शाह जुजुपिसं नं राज्ययाःगु दु। उगु हे भ्वलय् पृथ्वीनारायणं लिपा खुम्ह म्ह जुजु सुरेन्द्र विक्रम शाह खः। वयागु जन्म वि.सं. १८८६ साल आश्विन पाखे जूगु खनेदु। अथे हे वि.सं. १९०४ (ने.सं. ९६७) पाखे व जुजु जूगु जुल। जुजु सुरेन्द्रं ३४ दँ राज्ययाःगु खनेदु। छाय्धाःसा वि.सं. १९३८ सालया जेठ ४गते वयागु देहावसान जुल। थुलिया दुने ने.सं. ९८९ (वि.सं. १९२६) पाखे जय नमो श्री म्येया रचना जूगु अनुमान यायेफु। उगु म्येय् उल्लेख दुगु 'वन गज रत्न साल' या आधारय् अर्थ हिसाब याना स्वयेव सीदइ। '९' अंकयात 'नव' नं च्वः, उकियात अःखतं 'वन' च्वत। ' गज' या अर्थ'किसि' खः किसियाके तहाकःगु स्वं दु, व स्वं चाः तुइकीबलय् 'अंक '८' यागु आकार वः। अले लिपांगु 'अंक' '९' यात 'नव रत्नया अर्थय् छय्लाः 'रत्न' धकाःतःगु खनेदु। थुकथं 'वन गज रत्न साल' धाःगु '९८९ साल' सिद्ध जू'। अथे धयागु 'ने.सं. ९८९' खः थौं स्वयाः १५० (सत्या) दँ न्हापायागु रचना धयागु प्रमाणित जू वः।

## *थःत थम्हं म्हसीके मफयाः*

*अमृत मान शाक्य भिक्षु,* *इतुम्बहाः*

*थःत थम्हं म्हसीके मफयाः*
*अनथन मदय्क तंकाच्वना*
*जि जिगु धाधां मोहमाया*
*गुबलेतक भुले ज्वी मानि*

*दुःख न्हयाक्व फय्माःसां*
*सुख भाःपा जीवन हना*
*दुःख हे थःम्ह सतीम्ह पासा खःसा*
*सुख धयागु छु खः ?*

*सुख सुख धाधां,*
*सुख माला जुयानं ल्वीके मफुत*
*किपालु वःथें दुःख हे ल्यूल्यू तयाः*
*म्वाय्गु हे धन्य भाःपाः च्वना।*




Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दिवंगत मोति शोभा स्थापित**
*बुन्हिः बि.सं १९८२ कार्तिक*
*मदुगु न्हिः बि.सं. २०७५ पौष ८*



**दिवंगत अमर बहादुर स्थापित**
*बुन्हिः बि.सं. १९८२ श्रावण*
*मदुगु न्हिः २०७५ पौष २५*

अनन्त गुणं सम्पन्न पिं जिमि मां मोति शोभा तुलाधर व बाः अमर बहादुर स्थापित दिवंगत जुयादिल। दिवंगत मां बाः निम्हसियां सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाच्वना।

थुगु दुखद घडी जिमित धैर्य धारण यायत गुहाली यानादीपिं सकल इष्टमित्र पासापिं व थःथिति पिन्त साधुवाद व्यक्त यानाच्वना।

*कायः* **बाबु रत्न स्थापित** – *भौः* **कृति लक्ष्मी स्थापित**
*कायः* **अमृत स्थापित** – *भौः* **मीना हेरा स्थापित**

*छयः* **सुगत स्थापित** – *छय् भौः* **रोजिता स्थापित**
*छयः* **राजन स्थापित** – *छय् भौः* **अन्जना स्थापित**
*छयः* **सौरभ स्थापित** – *छय् भौः* **अनिता स्थापित**

*छयः* **एलिसा स्थापित** / *छुईः* **आरभ स्थापित, संयम स्थापित**

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दि. राजन राज वज्राचार्य**
**(माईला गुरूजु)**
*जन्मः २००२ आश्विन २४ पचिमधः*
*दिवंगतः २०७६ असार ६ चौथी*

जि किजा राजन राज वज्राचार्य २०७६ असार ६ कुन्हु दिवंगत जुल। थुगु दुःखया घडी धैर्य धारण याय्गु लागि जिमित विचाः हाय्का विज्याःपिं भ्रायादीपिं सकल नाता कुटुम्व, जःला खःला, पासापिंन्त जिपिं परिवारपिसं साधुवाद व्यक्त यानाच्वना। दिवंगत जि किजाया नं सुगति सहित निर्वाण प्राप्त ज्वीमा धकाः पुण्यानुमोदन यानाच्वना।

*तताः* **चन्द्र कुमारी वज्राचार्य**
*जहानः* **वसुन्धरा देबी वज्राचार्य**
*कायः* **अजय राज वज्राचार्य**

*म्ह्यायूपिंः*
– **अर्चना वज्राचार्य**
– **अर्पना वज्राचार्य**
– **पुनम वज्राचार्य** – **शंखर महर्जन** (ज्वाईं)

*म्ह्याय् छयः* **पलिस्था**

*क्यहेंः*
**साहिँली मैंया – शीव रूद्र श्रेष्ठ** (ज्वाईं)

*भिन्चापिंः*
**मोहन – दीपिका श्रेष्ठ**
**सन्देश – लक्ष्मी श्रेष्ठ**
**सरीना – विवश श्रेष्ठ**


*भिन्चा छयूपिंः*
**सुनेली, सिल्भान, रिदम**



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*जन्म :*
*बि.सं. १९८२ श्रावण*



*दिवंगत :*
*बि.सं. २०७५ पौष २५ गते*

## दिवंगत अमर बहादुर स्थापित

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **अमर बहादुर स्थापित** बि.सं. २०७५ पौष २५ गते दिवंगत हुनुभयो । उहाँको सुगति एवं निर्वाण कामनाका साथ पुण्यानुमोदन गरिएको छ । साथै यस दुखद घडीमा उहाँको परिवारले संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्मलाई) बुझी धैर्य धारण गर्न सकुन् ।

**धर्मकीर्ति पत्रिका परिवार**

**धर्मकीर्ति विहार**

श्रीघः नःघलः, काठमाडौं ।

## दिवंगत नेपाःया खुमम्ह संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरभन्तेया निर्वाण कामना यानाः पुण्यकार्य सम्पन्न



दिवंगत नेपाःया खुमम्ह संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर भन्तेया निर्वाणया कामना यासे लय् लय् पत्तिकं बनेपा ध्यानकुटी विहारय् दानमय पुण्यकर्म जुया वयाच्वंगु दु ।

वसपोल भन्ते दिवंगत जुयाः स्वला क्यंगु पुण्यतिथिस असार १६ गते मैत्री केन्द्र परिवारया दायकत्वय् संघदान पुण्यकार्य सम्पन्न जुलसा वसपोल भन्ते दिवंगत जुयाः प्यला दुगु पुण्यतिथिस श्रावण १७ गते औंसि कुन्हु वसपोलया निर्वाणया कामना यासे ध्यानकुटी विहारया दातापिनिगु दायकत्वय् संघदान पुण्यकार्य सम्पन्न जूगु दु ।

## भूल सुधार

धर्मकीर्ति पत्रिका वर्ष ३७ अङ्क ३ मा प्रकाशित समाचार **"अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या शिविर"** शिर्षक अन्तरगत समाचारको पेज १७ मा विविध दानमा शोभा सिंबाट रू. ५००।– सहयोग पनि प्राप्त भएको जानकारी गराउँछौ ।


यसरी नै उक्त पेजमा उल्लेखित व्यय रू. १०३२६६/- हुनपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्चाई पढिदिन हुन अनुरोध गरिएको छ ।

**– अमीर कुमारी शाक्य**
*(कार्यक्रम संयोजिका)*



Downloaded from http://www.dhamma.digital

# हार्दिक बधाई



यस भावना केन्द्रमा श्रामणेर प्रव्रजित हुनुभई म्यान्मार पण्डिताराम ध्यानकेन्द्रमा उपसम्पन्न हुनुभएका **श्रद्धेय भिक्षु ञाणावुधज्यू** हालै म्यान्मारको उच्चस्तरिय "सासनधज धम्माचरिय" परीक्षामा उत्तीर्ण हुनुभएकोमा वहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै वहाँको मार्गनिर्देशनले श्रद्धालु-जनहरुलाई सद्धर्मको बाटो पहिल्याउने कल्याणकारी कार्यमा सहयोग गर्न सकोस् भनी शुभकामना पनि व्यक्त गर्दछौं ।

**अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र परिवार**

बुद्धनगर, बुद्धमार्ग, शंखमूल, काठमाण्डौं ।

# भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!


बि.सं. २०७५ सालय् तवः ताम्राकार समाज पाखें एस ई ई परिक्षा उत्तिर्ण बिद्यार्थीपिन्त जिमिगु समाज पाखें यक्को यक्को भिन्तुना ।



**प्रशंसा ताम्राकार**
(३.८५ ए ग्रेड)
*(प्रदिन व प्रमिला ताम्राकारया म्ह्याय्)*
तग्वः चिभाः कवः



**इभेन्जिला ताम्राकार**
(२.६ बी ग्रेड)
*(सुरेन्द्र ताम्राकार व सुधा शाक्यया म्ह्याय्)*
द्वकाद्वः कवः



**सर्बेशा ताम्राकार**
(३.५ ए ग्रेड)
*(बिनोद विर सिं व सर्मिला ताम्राकारया म्ह्याय्)*
पिगंः ननी कवः



**बिपस्सना ताम्राकार**
(३.६५ ए ग्रेड)
*(बिनोद व संगीता ताम्राकारया म्ह्याय्)*
पिगंः ननि कवः

## (तवः) ताम्राकार समाज

मरु तग्वः चिभाः (भगवान चुक)



Downloaded from http://www.dhamma.digital

# सद्धर्म चिरस्थायीया ज्याय्

# ग्वहालिया इनाप

## अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र

शंखमूल, यँ

थुगु केन्द्रया शिलान्यास वि.सं. २०४२ सालस म्यान्मारया परमपूज्य ध्यानगुरु सयादो ऊ पण्डिताभिवंश महास्थविरपाखें जुया:लि भगवान बुद्धया अनुपम शिक्षा सतिपट्ठान विपस्सना ध्यान अभ्यास यायेगु व याकेगु ज्या मदिक्क न्ह्याना वयाच्वंगु सकसिनं स्यूगु हे खँ जुल ।

केन्द्रया धार्मिक गतिविधि उप्वयावंगु व श्रद्धालु दाता धर्मनरसिं शाक्य परिवार पाखें करिब छगू रोपनी जग्गा दान प्राप्त जूगुलिं उगु जग्गाय् आः धम्महल भवनया निर्माणया शिलान्यास नं जुइधुंकल ।

बुद्ध जन्मभूमि नेपालय् वसपोलया सद्धर्म चिरस्थायी याना तयेत ध्यानकेन्द्र नं छगू सशक्त माध्यम खः । उकिं उगु 'धम्महल भवन'यात छलपोल छिकपिनिगु गुगुं नं कथंया तःधंगु आर्थिक गुहालिया निति थुगु केन्दं इनाप याःगु जुल । न्हापा न्हापा भवनत निर्माणया ज्याय् धर्मकीर्ति विहारया उपासक उपासिकापिनिपाखें ज्वःमदुगु गुहालि प्राप्त जूगु खँ थनथाय् लुमंके बहःजू । अथे हे आःनं उकथंया गुहालिया अपेक्षा दुगु जुल ।

- **भवन निर्माणया लागत - दां एघार करोड**
- **क्वथा छक्वया निंतिं - दां १२ लाख निसें १६ लाख तक**
- **प्रति स्क्वायर फूटया निंतिं - दां ३,५००/- (अथे हे न्ह्याक्वनं दां दान याना दी फु)**
- **दां ५०,०००/- वा वयाँ उप्वः दान बियादीपिनिगु नां शिलालेखय् कियाः तयेगु जुइ ।**

**सम्पर्कः ५२४२०३१, ५२४२५६३, अग्गाञाणी गुरुमां, प्रत्येक रत्न ताम्राकार ।**

बैंक खाता : **प्रभु बैंक लि. 13900101204407000000**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४७ औं बार्षिक भेलामा प्रस्तुत गरिएका प्रतिवेदनहरू

*२०७६ जेष्ठ १८ गते, शनिवार*

*प्रस्तुति- राम कुमारी मानन्धर*

(१) **शनिवारीय कक्षा संचालन प्रतिवेदन**

धर्मकीर्ति विहारको एक इकाईको रूपमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले निम्न प्रकारका उद्देश्यहरू राखी वि.सं. २०२८ जेष्ठ ७ गते स्थापना भएको थियो ।

१. व्यवहारिक बुद्ध शिक्षाको अध्ययन गर्ने
२. गाउँ गाउँमा बुद्ध शिक्षाको प्रचार प्रसार गर्ने
३. बुद्ध शिक्षा सम्बन्धि पत्रिका प्रकाशन गर्ने र
४. देश विदेशका बौद्ध विद्वानहरूको स्वागत र सम्मान गर्ने ।

बुद्ध शिक्षा अध्ययन गर्ने सन्दर्भमा निरन्तर रूपमा संचालित शनिवारीय कक्षा एक सशक्त माध्यम भई सकेको छ । केही वर्षदेखि बौद्ध विद्वानहरूले शनिवारीय कक्षाको लागि बौद्ध ग्रन्थहरूको एक विषय लिई अध्यापन गराउँदै आउनु भएको छ । जस्तै श्रद्धेय शान्त मैत्री भन्तेबाट संयुक्त निकाय, श्रद्धेय पञ्ञासार भन्तेबाट अभिधर्म, श्रद्धेय समित भन्तेबाट संयुक्त निकाय, श्री मदन रत्न मानन्धरबाट अंगुत्तर निकाय, श्री देवकाजी शाक्यबाट धम्मपद, डा. त्रिरत्न मानन्धरबाट विशुद्धि मार्ग । डा. रिना तुलाधरबाट श्रद्धेय धम्मवती गुरुमांले देशना गर्नुभएको अभिधर्म क्लासको भिडियो रेकर्ड देखाई अभिधर्म अध्ययन गराउनुभएको थियो । यस अभिधर्म कक्षाको लागि श्री अरूणसिद्धि तुलाधर र श्री इन्द्र कुमार नकर्मीले प्राविधिक सहयोग गर्दै आउनुभएका छन् ।

२०७५ साल वैशाख १५ गते देखि २०७६ साल जेष्ठ ११ गतेसम्म जम्मा ५७ शनिवारहरू मध्ये अन्य कार्यक्रमहरू जस्तैः बौद्ध विद्वानहरूको स्वागत र सम्मान, रक्तदान कार्यक्रम र चाडपर्वहरू गरी जम्मा ९ शनिवार बाहेक ४८ शनिवारहरूमा श्रद्धेय भन्ते, गुरुमां र बौद्ध विद्वानहरूले कक्षा लिई बौद्ध अध्ययन गोष्ठीलाई ठूलो गुण लगाउनु भएको छ । उहाँहरू प्रति अध्ययन गोष्ठी कृतज्ञता अर्पण गर्दछ ।

| *क्र.सं.* | *कक्षा लिने व्यक्तिहरूको नाम* | *कक्षा संख्या* |
|---|---|---|
| १. | श्रद्धेय शान्त मैत्री भन्ते | ५ |
| २. | श्रद्धेय पञ्ञासार भन्ते | २ |
| ३. | श्रद्धेय समित भन्ते | ३ |
| ४. | श्रद्धेय इन्दावती गुरूमां | ५ |
| ५. | मदन रत्न मानन्धर | ११ |
| ६. | डा. रीना तुलाधर | ६ |
| ७. | श्री देवकाजी तुलाधर | ९ |
| ८. | डा. त्रिरत्न मानन्धर | ४ |
| ९. | श्री उर्मिला ताम्राकार | ३ |
| | | ४८ |

अन्तमा कक्षा संचालन संयोजक श्रद्धेय इन्दावती गुरुमां, चिया तथा अन्य सहयोग गर्नेहरू र सहभागीहरूलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

## धर्मकीर्ति पत्रिकालाई सहयोग

धर्मकीर्ति मासिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै नाती उपासक पुलचोक ललितपुरले रू. २०००।– चन्दा सहयोग प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको छ । उहाँले पूज्य धम्मवती गुरूमांको सुखी, निरोगी एवं दीर्घायुको पनि कामना गर्नुभएको छ ।

धर्मकीर्ति पत्रिकाले उहाँको यस सहयोग प्रति साधुवाद व्यक्त गर्दै उपासकको पनि आयु आरोग्य कामना गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

## आर्थिक प्रतिवेदन

*प्रस्तुती- सुमित्रा तुलाधर*

*प्रस्तुतकर्ता- कोषाध्यक्ष, श्यामलाल चित्रकार; प्रस्तुत मिति : २०७५/०२/१८*

वि.सं. २०७५/१/०८ देखि वि.सं. २०७५/१२/३१ सम्मको निम्न अनुसार जम्मा आम्दानी रू ३,९७,७९४/१६ मध्ये रू. २४३,३७५/४२ खर्च भई रू. १,५४,४१८/७४ बचत भएको छ।

मिति : २०७५/१२/३१ सम्ममा रू. १८,३९, ५८६/४२ जम्मा मौज्दात रहेको छ।

| क्र.सं. | विवरण | आम्दानी | खर्च | बचत (न्यून) |
|---|---|---|---|---|
| (क) | **कार्यक्रमहरू** | | | |
| | १. वार्षिक भेला, | ३१,६००.०० | ३३,५२९.०० | -१,९२९.०० |
| | २. श्रद्धेय अश्वघोष भन्तेको ९२ औं जन्मोत्सव | २१,९००.०० | ३०,१३४.०० | -८,२३४.०० |
| | ३. श्रद्धेय धम्मवती गुरुमांको ८४ औं जन्मोत्सव | | ३,०००.०० | -३,०००.०० |
| | ४. गुरु पूजा | | | - |
| | ५. बुद्धिज्म फर यूथ | | | - |
| | ६. बौद्ध हाजिरी जवाफ प्रतियोगिता | ७,९००.०० | २८,४५५.०० | -२०,५५५.०० |
| | ७. अल्पकालिन ऋषिनी तथा श्रामणेर प्रव्रज्या | १२६,१३०.०० | १३७,३१४.०० | -११,१८४.०० |
| | **जम्मा** | **१८७,५३०.००** | **२३२,४३२.००** | **-४४,९०२.००** |
| (ख) | **अन्य आम्दानी खर्चहरू** | | | |
| | व्याज आम्दानी : एक्प्रेस | १,२४९.५० | | |
| | व्याज आम्दानी : एक्प्रेस | १५२,२७९.६६ | | |
| | व्याज आम्दानी : शुभगणपति | ३९,१२५.०० | | |
| | क्यासेट बिक्री | २,८००.०० | | |
| | सदस्यता शुल्क | १४,८१०.०० | | |
| | विज्ञापन खर्च | | ३,५००.०० | |
| | यातायात खर्च | | ३,१५०.०० | |
| | चमेली गुरूमां उपहार | | ३,०००.०० | |
| | व्याज कर एक्प्रेस | | १८७.४३ | |
| | व्याज कर एक्प्रेस | | १,०५८.९९ | |
| | व्याज कर शुभगणपति | | ४७.०० | |
| | **जम्मा** | **२१०,२६४.१६** | **१०,९४३.४२** | **१९९,३२०.७४** |
| (ग) | **क र ख जम्मा** | **३९७,७९४.१६** | **२४३,३७५.४२** | **१५४,४१८.७४** |
| (घ) | **गत वर्षको मौज्दात** | १,६८२,०१७.६८ | | |
| | दिन बाँकि राम कुमारी | ३,१५०.०० | | |
| | थप यस वर्षको वचत | १५४,४१८.७४ | | |
| | गत वर्षको दिनुपर्ने रकम भुक्तानी | -२,२००.०० | | |
| | यस वर्षको हुनु पने जम्मा मौज्दात | १,८३७,३८६.४२ | | |
| (ङ) | **यस वर्षमा भएको मौज्दान विवरण** | | | |
| | एक्प्रेस वचत वचत खाता ००१४१ | | १०,७०१.७३ | |
| | " " ००६७२ | | ३२९,५५०.०२ | |
| | " मुद्दति खाता | | १,१५०,०००.०० | |
| | शुभगणपति : मुद्दति ११२५ | | १००,०००.०० | |
| | " " ११९९ | | १५०,०००.०० | |
| | " वचत | | ९१,६३३.०० | |
| | ने. बैंक लि : चल्ती | | ५,५०१.६७ | |
| | **जम्मा** | | **१,८३७,३८६.४२** | |




Downloaded from http://www.dhamma.digital

# भिक्षुणी धम्मवतीको ८६ औं शुभ जन्मोत्सबको उपलक्ष्यमा भिक्षु महासंघबाट साप्ताहिक अभिधर्मपाठ

*२०७६ असार २६ श्रावण २*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति विहारका संस्थापिका, शासन धज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित, भिक्षुणी धम्मवती गुरूमांको ८६ औं जन्मोत्सबको शुभ उपलक्ष्यमा धर्मकीर्ति विहारले उहाँको सुस्वास्थ्य एवं निरोगी कामना गरी असार २६ गते देखि श्रावण २ गते सम्म विविध कार्यक्रमहरू संचालन गरिएको छ ।




*पाठ श्रवण गर्नुहुँदै भिक्षुणी धम्मवती*

**१) भिक्षु महासंघबाट साप्ताहिक अभिधर्म पाठ एवं धर्मदेशना–**

मिति २०७६ साल असार २६ गते देखि श्रावण १ गते सम्म भिक्षु महासंघबाट भिक्षुणी धम्मवती गुरूमांको आयु आरोग्य एवं दिर्घायु कामना गर्नुहुँदै अभिधर्मका ७ वटा ग्रन्थहरू पाठ गर्नुका साथै धर्मदेशना गरिएको थियो ।




१) धम्मसङ्गिनी पाठ गर्नुहुँदै भिक्षुसंघ




Downloaded from http://www.dhamma.digital



२) विभंग पाठ गर्नुहुँदै भिक्षुसंघ




३) कथावत्थु पाठ गर्नुहुँदै भिक्षु संघ



४) धातुकथा पाठ गर्नुहुँदै भिक्षुसंघ



Downloaded from http://www.dhamma.digital



५) पुग्गल पञ्ञति पाठ गर्नुहुँदै भिक्षुसंघ



६) यमक पाठ गर्नुहुँदै भिक्षुसंघ



७) पट्ठान पाठ गर्नुहुँदै भिक्षुसंघ



Downloaded from http://www.dhamma.digital

**(२) महायानी गुरूहरू बज्रयानी गुरूजुहरू र गुरूमांजुहरूवाट मंगलपाठ–**

२०७६ श्रावण २ गते महायानी गुरूहरूबाट भिक्षुणी धम्मवती गुरूमांको सुस्वाथ्य एवं मंगल कामना गरी मंगल पाठ गर्नु भएको थियो ।

यसरी नै सोही दिन वज्रयानी गुरूजुहरू एवं गुरूमांजुहरूको तर्फबाट गुरूमांको सुस्वास्थ्य र दीर्घायु कामना गरी, सप्तविधानुत्तर पूजा बोधिचित्तोत्पाद र अपरिमित आयु धारणी आदि पाठ गर्नु भएको थियो भने डा. नरेश वज्राचार्यले धर्म देशना गर्नुभएको थियो ।

(३) पूर्व मन्त्री कृष्ण गोपाल श्रेष्ठ र उपमेयर हरीप्रभा खड्गी श्रेष्ठबाट शुभकामना - यस साप्ताहिक कार्यक्रममा पूर्व मन्त्री कृष्ण गोपाल श्रेष्ठ र उपमेर हरीप्रभा खड्गी श्रेष्ठले भिक्षुणी धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नु हुँदै आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएका थिए ।



८) मंगल पाठ गर्नुहुँदै महायानी गुरुहरू



९-१०) ▲ बोधिचित्तोत्पाद अपरिमित धारणी आदि पाठ गर्नुहुँदै वज्रयानी गुरूजु एवं गुरूमांजुहरू ▼





Downloaded from http://www.dhamma.digital

(४) **दानप्रदान–**

यस साप्ताहिक कार्यक्रममा उपस्थित हुनुभई धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुहुने सम्पूर्ण भन्ते गुरूमांहरू लगायत महायानी गुरूहरू र वज्रयानी गुरूजुहरूलाई धम्मवती गुरूमांले दान प्रदान गर्नु भएको थियो । यसको साथै धर्मकीर्ति विहारको अन्य गुरूमांहरू लगायत उपासकोपासिकाहरूले पनि उहाँहरूलाई दान प्रदान गरी पूण्य सञ्चय गर्नुभएका थिए ।

यसरी नै महायानी गुरूहरूले पनि धर्मकीर्ति विहारमा सम्पूर्ण गुरूमांहरू लगायत कार्यक्रममा उपस्थित अन्य गुरूमांहरूलाई पनि खाडा प्रदान गरी दान प्रदान गर्नुभएका थिए ।



*११) धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट भजन प्रस्तुत गर्नुहुँदै*

(५) **ज्ञानमाला भजन प्रस्तुत–**

यस साप्ताहिक कार्यक्रम अवधिभर धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरी पुण्य सञ्चय गर्नुभएका थिए । यस कार्यक्रममा धम्मवती गुरूमांको तर्फबाट ध.की. ज्ञानमाला भजनको उत्तरोत्तर प्रगति कामना गरी रू. ५०००।– चन्दा प्रदान गर्नुभएको थियो ।

## धर्मकीर्ति विहारलाई जग्गाको लालपूर्जा दान

*२०७६ श्रावण २७ । स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति विहारको उत्तरपट्टि रहेको ५ आना जग्गा सहितको दुईतल्ले भवनको लालपूर्जा दिवंगत मणिहर्ष, केशरी लक्ष्मी आदि दिवंगत हुनुभएका परिवारहरू सबैको पुण्यस्मृतिमा उहाँहरूका पुत्र-पुत्र बहु पद्मज्योती-मीरा ज्योति, रूपज्योती-वीणा ज्योती, पुत्रीहरू प्रभा, पूर्ण शोभा र कमला लगायतका सपरिवारबाट धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष भिक्षुणी धम्मवतीलाई हस्तान्तरण गरी दान दिनुभएको छ ।

धर्मकीर्ति संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा पद्मज्योती कंसाकार, रूपज्योती कंसाकार, भिक्षु कौण्डञ्ञ लगायतले बुद्ध धर्म पुनरुत्थान कार्यक्रममा तुलाधर कंसाकार परिवार लगायत अन्य विशेष व्यक्तित्त्वहरूको योगदान विषयमा प्रकाश पार्नुभएका थिए ।

अन्त्यमा भिक्षुणी धम्मवतीले ओवाद दिनुहुँदै भन्नुभयो– बुद्ध शासनमा सहयोगार्थ ५ आना जग्गामा निर्मित विहार दान दिई पुण्य सञ्चय गर्नुभएका ज्योति परिवारले यस विहारलाई परन्तु समयसम्म टिकाउन समय समयमा मर्मत सहयोग पनि गरी अझ बढी पुण्य आर्जन गर्नुहुने आशा व्यक्त गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## साप्ताहिक अभिधर्म पाठ, धर्मदेशना र जलपान एवं भोजन दान गर्नुहुने दाताहरूको विवरण

| क्र. सं. | २०७६ साल असार - श्रावण | पाठ | बुद्ध पूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने भन्तेहरू | जलपान दाताहरू | भोजन दाताहरू |
|---|---|---|---|---|---|---|
| १. | असार २६ गते, बिहीबार | धम्मङ्गिनी | सुवण्णवती | भिक्षु निग्रोध | चुनुशोभा वज्राचार्य, कर्णदेवी पुचः, श्रद्धाचारी गुरूमां | ललिता कालिमाटी सपरिवार |
| २. | असार २७ गते, शुक्रबार | विभङ्ग | क्षान्तिवती | भिक्षु धर्ममूर्ति | सुमना कालधारा, चमेली गुरूमां, सुमना कालधारा | धर्मकीर्ति तता पुचः |
| ३. | असार २८ गते, शनिबार | कथावत्थु | अमता | सयादो उ सुजनपिय | मोहन देवी पुचः मोहन देबी पुच तुलसी महर्जन | राजेश, शोभा श्रेष्ठ सपरिवार |
| ४. | असार २९ गते आइतबार | धातुकथा | शुभवती | भिक्षु पञ्ञासार | अनिता शाक्य, चः मति अनोजा गुरूमां मैया मानन्धर ठमेल | धर्मकीर्ति पुलां पुचः |
| ५. | असार ३० गते सोमबार | पुग्गल पञ्ञति | अमता | भिक्षु ज्ञानपूर्णिक | मोहनदेवी, ठमेल कुशुम गुरुमां अष्टमाया, बनस्थली | धर्मकीर्ति क्येहँ पुचः |
| ६. | असार ३१ गते मंगलबार | यमक | वण्णवती | भिक्षु कौण्डञ्ञ | धम्मविजया गुरूमां रबि तुलाधर धम्मविजया गुरूमां | पूर्णहेरा पुचः |
| ७. | श्रावाण १ गते बुधबार | पट्ठान | सुवण्णती | भिक्षु पियदस्सी | चम्पा पुचः, सुवण्णवती, सुचिता, सुजाता अष्टमाया पुचः | कीर्ति मैया पुचः |
| ८. | श्रावण २ गते बिहिबार | महायानी गुरूहरू, बज्रयानी गुरूजुहरू र गुरुमांजुहरूबाट मंगल पाठ | शुभवती | डा. नेरश वज्राचार्य | पूर्णरत्न वज्राचार्य, बालाजु पद्मकीर्ति विहार, कमलपोखरी पूर्णरत्न बज्राचार्य बालाजु | वीर्यवती गुरूमां द्वितीया पुचः |




Downloaded from http://www.dhamma.digital

## गुरू पूजा

*२०७६ असार ३१ गते, मंगलबार ।*

यसदिन धर्मकीर्ति विहारको धम्महलमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवारले धर्मकीर्ति विहार एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका संस्थापक अध्यक्ष भिक्षुणी धम्मवती गुरूमां सहित उक्त विहारका सबै गुरूमांहरूलाई गुरूपूजा गरी दान प्रदान गरिएको थियो ।



*ओवाद दिनुहुँदै भिक्षुणी धम्मवती*

गुरू पूर्णिमाको उपलक्ष्यमा हरेक बर्ष गुरूपूजा कार्यक्रम मनाई अध्ययन गोष्ठी परिवारले यस कार्यक्रमलाई निरन्तरता दिँदै आइरहेको स्मरणिय रहेको छ ।

गोष्ठीका सदस्य सुमित्रा तुलाधरले सञ्चालन गर्नुभएको यस कार्यक्रममा गोष्ठीका सचिव लोचनतारा तुलाधरले स्वागत गर्नुभएको थियो ।

भिक्षुणी धम्मवती गुरूमांले गुरू पूजाको **महत्त्व प्रकाश पार्नुहुँदै भन्नुभयो –**

“नेपालमा आफूलाई गुण गर्ने व्यक्तिहरूको गुणको बदला ऋण तिर्ने आदर्शमय चलनहरू मध्ये गुरूपूजा, आमाबुबाको मूख हेर्ने, पञ्चदान आदि हुन् । हामीले यी आदर्शमय चलनहरूलाई वर्षेनि निरन्तरता दिई कर्त्तव्यपरायण बन्नु राम्रो हुनेछ ।

तर समाज र देशमा अशान्ति र विकृती ल्याउने चाँड पर्वहरूलाई त्यागदै जानु असल हुनेछ ।”

गुरू पूर्णिमाको दिन भगवान् बुद्धले प्रथमपटक धर्मको चक्र घुमाउनु भएको दिन भएकोले यस कार्यक्रममा धर्म चक्र सूत्र पनि पाठ गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा यस गुरूपूजा कार्यक्रमका संयोजिका रामकुमारी मानन्धरले धन्यवाद ज्ञापन गर्नु भई कार्यक्रम समापन गर्नुभएको थियो ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया ज्याङ्वः

*(१) ने.सं ११३९ दिल्लाथ्व अष्टमी*

*थाय्- मैत्री बोधिसत्त्व विहार जमः वहाः*

*प्रस्तुती- प्रेम लक्ष्मी तुलाधर*

थुकुन्हु श्रद्धेय कुसुम गुरूमांनं बुद्ध पूजा ज्याभ्वः न्हयाका बिज्यास्य धर्मदेशना याना बिज्यात । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः पाखें भजन प्रस्तुत जूगु थुगु ज्याभ्वले बज्रश्री परिवार पाखें जलपानया प्रायोजन जूगु खःसा वय्कःपिंसं हे भजन खलःयात रू. २०००।– दां चन्दा सहयोग नं बियादीगु खः । खर्च जूगु दां– रू. ५००।– । श्रीखण्ड तरूमूल महाविहार (सिखोंमु बहाः) या संघ पाखें नाम संगति तुतः गुरूजुपिं पाखें नं पाठ जूगु खः ।

(२) ने.सं. ११३९ दिल्लाथ्व नवमि निसें दुतिया तक)

पूज्य भिक्षुणी धम्मवती गुरूमांया ८६ दँ भिं बुदिंया लसताय् भिक्षु महासंघपाखें न्हय्न्हु तक अभिधर्म पाठ व धर्मदेशना ज्याभ्वः क्वःचाल । च्यान्हु दुकुन्हु लामा भन्तेपिं व नरेश गुरूजु प्रमुख मेपिं प्यम्ह गुरूजुपिनि पाखें पाठ जुल ।

च्यान्हु तक न्हयाःगु उगु ज्याभ्वले गुरू पन्नाकाजी शाक्यया नेतृत्त्वय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत जुल ।

दिल्लाथ्व गुरूपुन्ही कुन्हु भजन खलः पाखें पूज्य भिक्षुणी धम्मवती गुरूमांया भिं उसाँय् व ता आयूया आशिका यासे धर्मकीर्ति ज्ञानमाला भजन खलःया कोषाध्यक्ष व सचिव पाखें गुरू हनेज्या सम्पन्न जुल । वसपोल गुरूमांया भिं बुदिंया उपलक्षे गुरूपिं पन्नाकाजी शाक्य, मानकृष्ण, शीव आदि सकसितं गुरूमां पाखें हनापौं लःल्हाना बिज्यात । अथेहे सचिव पाखें नं गुरूपिन्त हनेगु ज्या जूगु खः ।

गुरू पुन्हीयात गुहाली यानादिपिं दातापिं –

| | |
|---|---|
| हीरादेवी शाक्य क्वाःबहाः | – रू. २०००।- |
| भजन सदस्यपिं पाखें | – रू. २०००।- |
| मगाःगु दां कोष | – रू. ८,६००।- |
| जम्मा खर्च | – रू. १२,६००।- |

❀



Downloaded from http://www.dhamma.digital

# अभिधर्म - ४

*२०७६ श्रावण ११ गते, शनिवार*
*प्रवचक- भिक्षु पञ्ञासार महास्थविर*
*प्रस्तुति- उष्णीषतारा तुलाधर*

यस दिन भन्तेले प्रज्ञप्ति धर्म र परमार्थ धर्मको बारेमा बताउनुभयो । कक्षामा बताइएका प्रमुख कुराहरू निम्न रूपमा प्रस्तुत गरिन्छ :

**१. प्रज्ञप्ति धर्म र परमार्थ धर्मको परिभाषा -**

**प्रज्ञप्ति धर्म -** प्रज्ञप्तिलाई पालिमा पञ्ञति, हिनार्थ, सम्मुत्ति पनि भनिन्छ । व्यवहारमा कुराकानी गर्न, भाषा बुझ्न सजिलो होस् भन्नाका लागि प्रयोगमा आइरहेको जुन धर्म छ त्यसलाई प्रज्ञप्ति धर्म भनिन्छ । कुनै वस्तु चिन्नको लागि त्यसलाई नाम दिइन्छ । जस्तै : रूख; ठाउँ, भाषा अनुसार यसको नाम फरक हुन्छ । प्रज्ञप्ति धर्ममा प्रयोग भएको शब्द परिवर्तन पनि गर्न सकिन्छ । यो यथार्थ सत्य होइन व्यवहारको लागि मात्र सत्य हो । सत्यरूपले नभएको धर्म नै प्रज्ञप्ति धर्म हो ।

**परमार्थ धर्म** - कुनै पनि वस्तु तथा धर्मलाई विभाजन गरेर हेरी जुन विभाजन गर्न नसक्ने अन्तिम अवस्थासम्म पुग्छ त्यसलाई परमार्थ धर्म भनिन्छ । चित्त, चेतसिक, चार महाभूत - पथवी, आपो, तेजो, वायो परमार्थ धर्म हुन् । अभिधर्मले परमार्थ धर्मको खोजि गर्छ ।

**२. प्रज्ञप्ति धर्म र परमार्थ धर्मको स्वभाव** (**लक्षण**) **-**

प्रज्ञप्ति धर्मको स्वभाव के हो ? कुनै पनि वस्तुलाई अनुसन्धान, विश्लेषण गरी खोज्दै जाने प्रज्ञप्ति धर्म हो । उदाहरणको रूपमा टेबललाई लिउँ; 'टेबल' एक प्रज्ञप्त गरिएको नाम मात्र हो । टेबलमा भएका काठ, किल्ला आदिलाई टुक्रा टुक्रा गरी हेर्दै गयो भने टेबलको अस्तित्व बिलिन भएर जान्छ । काठ, किल्ला आदि टेबल होइनन् । देख्ने बेला ठूलो देखिए तापनि भित्र खोज्दै गयो भने केही पाउँदैन यही नै प्रज्ञप्तिको स्वभाव हो । ठूलो वस्तुलाई टुक्रा टुक्रा गरी विभाजन गरेर हेर्न सक्यो भने त्यो प्रज्ञप्ति हो ।

परमार्थ धर्मको स्वभाव के हो ? आँखाले देख्न नसकिने तर गम्भीर रूपले खोज्दै गयो भने कालो ठूलो फलामको ढिस्को जस्तो दखिने, यदि मनलाई एकाग्र गरी विपस्सना गर्दै हेर्दै गयो भने अनुभव हुने परमार्थको स्वभाव हो । उदाहरणः प्रतीत्य समुत्पाद अनुसार स्पर्शको कारण वेदना उत्पन्न हुन्छ । योगीले विपस्सनाद्वारा स्पर्श देखिसकेपछि यसलाई ठूलो रूपमा देख्न थाल्छ, ६ प्रकारको स्पर्श (चक्षु स्पर्श, श्रोत स्पर्श, घ्राण स्पर्श, जिव्हा स्पर्श, काय स्पर्श, मनो स्पर्श) देख्न थाल्छ । स्पर्शको कारण वेदना उत्पन्न हुने कसरी भन्ने कुरा आँखा चिम्लेर मात्रै जान्न सकिन्छ । यसरी परमार्थ धर्मलाई खोज्दै गयो भने झन् झन् विशाल भएर आउँछ ।

**३. परमार्थ धर्मलाई कसरी खोज्ने ?**

परमार्थ धर्मलाई आफ्नै शरीरभित्र खोज्ने । अभिधर्म ज्ञानद्वारा यस शरीरलाई बुझ्न सक्यो भने विश्व ब्रह्माण्ड कै ज्ञान जान्न सकिन्छ अर्थात् ३१ भूवनको ज्ञान जान्न सकिन्छ । परमार्थ बुझ्नको लागि अभिधर्म Theory हो भने विपस्सना Practice हो । त्यसकारण परमार्थ धर्म बुझ्नको लागि विपस्सना गर्नुपर्छ । ✿

## *आवरण चित्र परिचयको बाँकी अंश ... ...*

अब छोराले आमालाई आराम गराउन अर्को कोठामा पठाउनु भयो । फेरि चुन्द थेर संग सोध्नुभयो– "कति बज्यो ?"

चुन्दथेरले भन्नुभयो– "सुर्योदयको पूर्व प्रत्युषकाल भयो ।" यो सुनी धर्मसेनापतिले आफ्ना ५०० जना शिष्य भिक्षुहरूलाई बोलाई कोठाको सामु खुला प्रांगणमा बसाई उनीहरूलाई भन्नुभयो–

"तपाईंहरू सबै पैतालिस बर्ष देखि मसंगै हुनुहुन्छ । यतिका समय सम्म मैले शरीर र वचनबाट यस्तो कुनै कर्म गरेको छु ? जुन कर्मले तपाईंहरूलाई दुःख भएको छ ? यदि यस्तो भएको छ भने तपाईंहरूले मलाई क्षमा गरिदिनुस् ।"

शिष्यहरूले भने– "भन्ते तपाई महान् हुनुहुन्छ । यी पैंतालिस वर्ष भित्र यदि हाम्रो तर्फबाट तपाईंलाई केही पीडाप्रद कर्म हुन पुगेको छ भने तपाईंले हामीलाई क्षमा दिनुहोस् ।

धर्मसेनापतिले संघलाई भन्नुभयो– "तिमीहरू सबै पवित्र छौ, निर्दोष छौं ।

यति भन्नुभई धर्मसेनापतिले अन्तिम श्वास छोड्नु भयो र परिनिवृत्त हुनुभयो ।

धन्य महान् धर्मसेनापति । धन्य उहाँका पावन भिक्षुसंघ । ❀



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

## २६०८ औं धर्मचक्र प्रवर्तन दिवस एवंम समूहको सातौ अधिवेशन सम्पन्न

नगदेश बौद्ध समूहको आयोजनामा असार पूर्णिमा-गुरूपूर्णिमाको दिनमा "२६०८ औं धर्मचक्र प्रवर्तन दिवस" मनाई भव्य बुद्ध पूजा गरिएको समाचार छ। प्राप्त समाचार अनुसार सो बुद्ध पूजामा मित्र राष्ट्र थाईल्याण्डबाट यस नगदेश बुद्ध विहारमा वर्षावास अधिष्ठान गर्न पाल्नु भएका श्रद्धेय भिक्षु खनोङ्गज्यूको श्रीमुखबाट अष्टशील पञ्चशील ग्रहण गरी बुद्ध पूजा कार्य सम्पन्न भएको लगतै दोश्रो चरणको रूपमा "नगदेश बौद्ध समूहको सातौं अधिवेशन" उद्घाटन कार्यको थालनी गरियो।

सो अधिवेशनको उद्घाटन कार्य मध्यपुर थिमि नगरपालिकाका श्रद्धेय नगर प्रमुख श्री मदनसुन्दर श्रेष्ठज्यूले सम्पन्न गर्नुभएको थियो समूहका कोषाध्यक्ष उपासक रत्न भक्त हाँय्जुले स्वागत भाषण गर्नुभएको उक्त अधिवेशनको गौरब र गरिमा उच्च हुने गरी "नगदेश ज्ञानमाला भजन खलःबाट तयार गरेको ज्ञानमाला भजन पुस्तक विमोचन गरी लोकार्पण गर्ने शुभ कार्य प्रमुख अतिथि नगर प्रमुख श्रेष्ठज्यू, विशिष्ठ अतिथिद्वय श्रद्धेय भिक्षु खनोङ्गजयू र श्रद्धेय केशावति गुरूमाँ समेतबाट संयुक्त तवरले गर्नु भएको थियो। नगदेश बौद्ध समूहका अध्यक्ष दीपक राज साँपालज्यूको अध्यक्षतामा भएको समारोहका समूहका सचिव उपासक कृष्ण कुमार प्राजपतिले लिखित प्रतिवेदन प्रस्तुत गरी "बौद्ध जगतमा असार पूर्णिमाको महत्व" रहेको चर्चा गर्नु भयो। बोधिसत्व राजकुमार सिद्धार्थ गौतमले २९ वर्षको उमेरमा असारपूर्णिमाको दिनमा राजदरबार त्याग गरी "महाभिनिष्क्रमण कार्य गर्नु भएको थियो भने ६ वर्षसम्म कठिन तपस्या पश्चात् सम्बोधि लाभ गरी प्राप्त भएको दुर्लभ ज्ञान सर्वप्रथम सारनाथ, मृगदावन, ऋषिपतनको पवित्र वनजंगलमा धर्म प्रकाश गरी "सच्चा गुरू" बन्नु भएको पावन दिन यही असार पूर्णिमा नै थियो। यसरी सर्वप्रथम धर्म प्रकाश गरी गुरू शास्ता बन्नु भएकोले सो पूर्णिमालाई बौद्ध जगतमा "गुरूपूर्णिमा" को नामबाट लोक प्रशिद्धि भएको छ। अझ सो पूर्णिमाको घटनाबाट संबोधन हुने गरी "धर्मचक्र प्रवर्तन दिवस" मनाई यही पवित्र दिनमा समूहको "सातौं अधिवेशन" कार्य सम्पन्न गर्ने निधो गरिएको थियो। प्रमुख अतिथि नगर प्रमुख मदन सुन्दर श्रेष्ठले नगदेश बौद्ध समूहको सातौं अधिवेशनले नव गठीत कार्य समितिमा अझ सक्रिय र समर्पित उपासक उपासिका चयन गरी आगामी चार वर्षको फलदायी कार्य योजना सम्पन्न गर्न गराउन सफल होस् भनी कामना गरी नगदेश बुद्ध विहारको आध्यात्मिक एवं भौतिक उन्नति, प्रगति भएकोमा खुशी ब्यक्त गर्नु भयो। अन्तमा सभापति दीपक राज साँपालज्यूले प्रमुख अतिथि, विशेष अतिथि लगायत आमन्त्रित सबैवर्गलाई साधुवाद ब्यक्त गरी आफ्नो मन्तव्य टुङ्गयाउनु भयो। अन्तमा सामूहिक पुण्यानुमोदन गरियो। सो दिनमा जलपानको प्रबन्ध समूहका कोषाध्यक्ष रत्न भक्त हाँय्जुको तर्फबाट भोजनको प्रबन्ध उपासक लक्ष्मी भक्त घजुको तर्फबाट भएको थियो।

बन्दसत्रको अध्यक्षता बरिष्ठ उपासक जगत बहादुर हाँयजुले गर्नु भयो र सो सत्रमा सर्वसम्ममतिबाट समूहका अध्यक्ष दीपकराज साँपालको नेतृत्वमा १९ जनाको नयाँ कार्य समितिको चयन गरियो।

❀

## धर्मचक्र प्रवर्तन दिवस सम्पन्न

२०७६ असार ३१ गते, मंगलबार

भोजपुर टक्सार शाक्य समाज ललितपुरको वार्षिक कार्यक्रम अन्तर्गत समाजका वयोवृद्ध ज्येष्ठ सदश्य श्री जगत बहादुर शाक्यको सुपुत्र श्री राजेन्द्र शाक्य निवास सिफलमा भिक्षुहरू द्वय विपुल सार स्थविर र जयन्तो स्थविरज्यूहरूको विशेष उपस्थितिमा ज्ञानमाला भजन प्रस्तुत गरिनुको साथै बुद्ध पूजा एवं धर्म देशनाको कार्यक्रम सहित धर्मचक्र पर्वतन दिवस सम्पन्न गरिएको समाचार छ। प्राप्त समाचार अनुसार उक्त अवसरमा भिक्षु




Downloaded from http://www.dhamma.digital

विपुलसार स्थविरज्यूबाट आषाढ पूर्णिमा एवं धर्म चक्र प्रवर्तन दिवसको सन्दर्भमा धर्म देशना गर्नु हुँदै भन्नुभयो बौद्धहरूको लागि बुद्ध जयन्ति अर्थात स्वायाँ पुन्ही वैशाख पूर्णिमा त्रिसंयोग युक्तको दिन भनेर जुन महत्वका साथ लिइने गरिन्छ, त्यस्तै नै यो असार पूर्णिमाको **महत्त्व** पनि सो भन्दा कम छैन। यसलाई बौद्ध जगतमा वर्षावास पुन्हीका रूपमा पनि लिइनुका साथै भगवान गौतम् बुद्धले आफ्नी जन्मदाता आमा महामायादेवीलाई तुषिता भुवनमा गएर अभिधर्म सम्बन्धी देशना गर्नुभएको। दिनको रूपमा मात्र नभई यसै दिनबाट वहाँले प्राप्त गर्नु भएको बोधिज्ञानलाई सारा जगत प्राणीको हितार्थ सारनाथमा सर्वप्रथम पंच भद्र वर्गीय भिक्षुहरूलाई धर्म देशना गर्नु भएको दिनको रूपमा पनि स्मरण गरिने गरिएको छ। जसले गर्दा आज तमाम बौद्ध जगतमा वैशाख पूर्णिमालाई बुद्ध दिवस अर्थात बोधि ज्ञान प्राप्ति दिनको रूपमा स्मरण गरिन्छ भने असार पूर्णिमालाई धर्म दिवस अर्थात् बुद्ध धर्मको धर्मचक्र प्रवर्तन गरिएको दिनको रूपमा स्मरण गरिँदै आएको छ। साथै यस दिनलाई सिद्धार्थ गौतमले जगत कल्याणको लागि निर्वाण पथ पत्ता लगाउन सम्पूर्ण राजपात ऐश्वर्य सुख परि त्याग गरी महाभिनिष्क्रमण गर्नु भएको दिनको रूपमा पनि लिइन्छ।"

अन्तमा बुद्ध पूजा एवं धर्म देशनाको कार्यक्रम पछि उपस्थित उपासक उपासिकाहरू लगायत भिक्षुहरूलाई उपासक तीर्थ राज शाक्य परिवारको तर्फबाट भोजन दान गरिएको थियो।

भोजन दान अघि सकल देवताहरू लगायत सत्वप्राणीहरू एवं ज्ञाति बन्धुहरूको समेत पुण्य कामना गरि पुण्यानुमोदन गरी विधिवत रूपमा उक्त दिवसको समापन गरिएको थियो।

❀



## शीलमय ज्ञान विस्तृत प्रदर्शन (पटिसम्भिदामगग)

*- नातीकाजी उपासक*

१. थुपिं शिक्षा तयत आवर्जन याना आचरण याइगु खः।
२. सिइका आचरण याइगु खः,
३. खंकाः आचरण याइगु खः।
४. प्रत्यवेक्षण यानाः आचरण याइगु खः।
५. चित्तयात अधिष्ठान याना आचरण याइगु खः
६. श्रद्धाद्वारा निश्चय यानाः आचरण याइगु खः।
७. वीर्य यात थल्हवनाः आचरण याइगु खः।
८. स्मृतियात सजग जुइकाः आचरण याइगु खः।
९. चित्तयात बांलाक तयाः आचरण याइगु खः
१०. प्रज्ञाद्वारा छुटे याना सिइकाः आचरण याइगु खः।
११. अभिज्ञाद्वारा सिइकेमाःगुयात अभिज्ञा द्वारा सिइकाः आचरण याइगु खः।
१२. परिक्षाद्वारा सिइके माःगुयात परिक्षाद्वारा सिइकाः आचरण याइगु खः।
१३. प्रहाण यायेमागुयात प्रहाण याना आचरण याइगु खः।
१४. साक्षात्कार यायेमाःगुयात साक्षात्कार यानाः आचरण याइगु खः।
१५. भाविता यायेमाःगु यात भाविता यानाः आचरण याइगु खः।

❀

## परियत्ती केन्द्र नीस्वन

थ्व हे दिल्लागा दशमी तदनुसार २०७६ साल ११ गते शनिबारकुन्हु नेपाल बौद्ध परियति शिक्षाया परिक्षा नियन्त्रक श्रद्धेय भन्ते बोधिज्ञान महास्थविरजुया मैत्रीपूर्ण निर्देशन व भन्ते निग्रोध स्थविरजुया अभिभावकत्वय् भन्ते विपुलसारया उपस्थितिस राजकीर्ति गगनगन्ज महाबिहार कुटुबहिसः बिहारया छम्ह जः भाजु बिपिन शाक्यया कजी सुइ मेपिं खुम्ह दुजःपि दुथ्यागु राजकीर्ति गगनगन्ज परियत्ति केन्द्रया परियत्ति शिक्षा समिति नीस्वंगु समाचार दु गुकी मेपिं दुजःपिं छसिकथं ल्यू कजी मयजु अनिता शाक्य, छ्यान्जे मयजु सबिना शाक्य, दांभरी भाजु बिजेन शाक्यनापं दुजपिं भाजु बिकाश शाक्य, सुजन शाक्य व सचिन शाक्य जूगुजुल।

प्राप्त समाचार अनुसार थुगु केन्द्र संरक्षणयानितिं बिहारया संस्थापक भाजुपिं थकाली न्हुछेरत्न शाक्य, चिनियाँ काजी शाक्य, त्रिरत्न शाक्य, सानुभाइ शाक्य, रत्न शाक्य व मयजु कृष्ण देवी शाक्य संरक्षक कोछ्यूगु जुल। ❀



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ गो.हु.का. (साविकको म.क्षे.हु.नि.द.नं.) १७/०६५/०६६ (०७६/०७७)

# धम्ममुदित अभिनन्द समारोह सम्पन्न




*अभिनन्दनपत्र ग्रहण गर्नुहुँदै सघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर*

*२०७६ श्रावण २५ गते*
*स्थान- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी*

अखिल नेपाल भिक्षु महासंघबाट गत २०७६ बैशाख १ गते आइतवारका दिन संघनायक पतिट्ठान विधि सहित संघसम्मत विधि पूर्वक संघनायक पदवीले विभूषित नेपालका ७ औं अति पूजनिय संघनायक, अखिल नेपाल भिक्षु महासंघका संरक्षक "अग्ग महापण्डित सासनधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरको बुद्ध शासनिक योगदान स्मरण गरी अखिल नेपाल भिक्षु महासंघको अगुवाई एवं सम्वद्ध विहार तथा संघ संस्थाहरूको सहभागितामा उहाँलाई ससम्मान अभिनन्दन गरिएको छ ।

पूर्व प्रधानमन्त्री माननिय झलनाथ खनाल एवं माननिय सँस्कृती पर्यटन तथा नागरिक उड्डचन मन्त्री योगेश कुमार भट्टराईको प्रमुख अतिथित्त्व एवं अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री महास्थविरको सभापतित्त्वमा भिक्षु कौण्डव्य महास्थविरले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

सो पश्चात् थेरवाद भिक्षुहरू, महायानी गुरुहरू र वज्रयानी गुरुहरूबाट मंगलपाठ गर्नुभएको उक्त कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यसरी नै लुम्बिनी विकास कोषका पूर्व उपाध्यक्ष भिक्षु निग्रोध महास्थविरले संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको जीवनी प्रस्तुत गर्नुभएको थियो ।

अभिनन्दन गर्ने क्रममा अखिल नेपाल भिक्षु महासंघको तर्फबाट संघनायक भिक्षु ज्ञान पूर्णिक महास्थविरबाट संघ उपनायक भिक्षु बोधिसेन महास्थविरलाई अभिनन्दन पत्र प्रदान गरिएको थियो ।

यसरी नै माननिय पूर्व प्रधानमन्त्री झलनाथ खनाल र पर्यटन, सँस्कृती तथा नागरिक उड्डचन मन्त्री योगेश भट्टराईबाट संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई अभिनन्दन पत्र प्रदान गरी अभिनन्दन गरिएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा अखिल नेपाल भिक्षु महासंघका कार्यकारिणी सदस्य भिक्षु पियदस्सी अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष भिक्षुणी धम्मवती, म्यानमार, थाइलैण्ड र श्रीलंकाका महामहिम राजदूतहरू, पर्यटन, सँस्कृती तथा नागरिक उड्डचन मन्त्री योगेश भट्टराई, पूर्व प्रधानमन्त्री झलनाथ खनाल आदि हुनुहुन्थ्यो । सो पश्चात् संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले आफ्नो मन्तव्य व्यक्त गर्नु भएपश्चात् सभापतिको आशनबाट अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्रीले आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गरिएको थियो ।

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

आफ्नी आमा सारि ब्राह्मणीलाई धर्म बोध गराउनुहुँदै भिक्षु सारिपुत्र

वर्ष-३७; अङ्क-४

बु.सं. २५६३, गुं:पुन्हि

Downloaded from http://www.dhamma.digital

<u>आवरण चित्र परिचय</u>

# मातृसेवा

*लेखक-* **कल्याण मित्र सत्यनारायण गोयन्का**
*अनुवाद-* **वीर्यवती**

सारिपुत्रको उमेर ८४ वर्ष भयो । उहाँको परिनिर्वाणको समय नजिक आइसक्यो । केवल एक हप्ता मात्र बाँकी रहेको थियो । तब उहाँ जन्म मरण चक्रबाट सदाको लागि मुक्त हुनुहुनेछ । ८४ वर्ष पहिले उहाँको अन्तिम जन्म थियो ।

**- अयं अन्तिमा जाति** । अब अर्को जन्म हुनेछैन **– नत्थिदानि पुण्ब्भवोति** । यो मृत्यु पनि अन्तिम मृत्यु नै हुनेछ ।

उहाँले सम्झनुभयो । उहाँकी आमा लगभग १०० वर्षको उमेरकी हुनुभयो । सारिपुत्र सहित उनको चार छोराहरू र तीन छोरीहरू थिए । उहाँहरू सबै भगवान् बुद्धको शिक्षा पालन गरी अरहन्त भइसके । जन्म–मरणको भवचक्रवाट अलग्ग भइसके । तर आमा भने आफ्नो परम्परागत मान्यता र कर्मकाण्ड त्याग्न सकिरहेकी थिइनन् । उनीले भगवान बुद्धको शिक्षालाई गलत ठान्ने गर्थिन् । त्यसैले यस शिक्षालाई उनीले स्विकार्न सकेकी थिइनन् । धर्मसेनापति सारिपुत्र आमाको अनन्त उपकारलाई विर्सन सक्नु भएको थिएन । कुनैपनि पुत्रको लागि आफ्नो आमाको सबभन्दा महान सेवा नै उनीलाई मुक्ति मार्गमा ल्याइदिनु हो ।

महास्थविर सारिपुत्रको कल्याणी शिक्षाबाट ८० हजार गृहस्थहरू दुःख मुक्ति मार्गलाई अपनाई स्वर्गमा पुगिसके । तैपनि सारिपुत्रले आफ्नी आमालाई बुद्ध शिक्षा प्रति आकर्षित गर्न सकिरहेको थिएन ।

अब परिनिर्वाण हुन केवल ७ दिन मात्र बाँकी थियो । त्यसैले यसको लागि अब फेरि एकपटक प्रयत्न गर्नु पऱ्यो भन्ने सोची उहाँले आफ्नो परिनिर्वाण आफ्नो घरको उक्त कोठालाई छान्नु भयो जुन कोठामा उहाँ जन्मनु भएको थियो । यसको लागि उहाँ आफ्नो जन्मभूमी नालकग्राम तर्फ जाने निश्चय गर्नुभयो । उहाँले आफ्ना प्रमुख शिष्य एवं भाई चुन्द थेरलाई उहाँका पाँचसय जना भिक्षु शिष्यहरूलाई उहाँसंग नन्दिग्राम जानको लागि तयार हुन सुचना दिनु भनी आज्ञा हुनुभयो । उहाँ स्वयं भगवान बुद्धको चरणमा अन्तिम बार वन्दना गरी विदा लिनको लागि बुद्ध समक्ष पुग्नुभयो ।

भगवान बुद्ध संग बिदा लिई धर्मसेनापति सारिपुत्र भदन्त चुन्द सहित अन्य भिक्षुहरू साथमा लिई चारिका गर्नुहुँदै सातौं दिन पछि नालकग्राम पुग्नुभयो । त्यहाँ नगरद्वारमा उहाँका भान्जा उपरेवत भेट्नुभयो । भान्जा मार्फत आफू पुगेको खवर आमालाई पुऱ्याउनु भयो । आफू जन्मेको कोठामा रहनको लागि ठीक पार्न र आफूसंग आएका ५०० जना भिक्षुहरूलाई पनि रहने व्यवस्था मिलाउन प्रार्थना सहितको सूचना आमालाई पुऱ्याइयो । सारिपुत्र आफू स्वयं सारादिन गाउँमा बिताउनु भयो । साँझपख आमाको घरमा पुगी आफू जन्मिएको कोठामा विश्राम गर्नको लागि पुग्नुभयो । रात त्यही कोठामा बिताउनु भयो । उहाँको आमा उहाँलाई भेट्न आउँदा उनीले त्यहाँ तेजीला अदृष्य प्राणीहरू देखिन् । उनीले आश्चर्य मान्दै सारिपुत्र संग यी को हुन् भनी सोधिन् । सारिपुत्रले भन्नुभयो

– “यिनीहरू चार दिशाका द्वारपाल महाराजा हुन् । देवराज शक्र, ब्रह्मलोकका ब्रह्मा हुन् । यिनीहरू सबै म अरहन्तको अन्तिम दर्शनको लागि आएका हुन् ।

सारिपुत्रको आमा यो कुरो सुनी हर्षविभोर भइन् । उनीले सोचिन्– “मेरो छोरो यतिका ऋद्धिशाली र समृद्धिशाली रहेछ भने यिनका गुरू त यो भन्दा पनि महान् होला ।”

तब सारिपुत्रले भगवान बुद्धको गुण आमालाई बताउनु भयो । यो सुनी आमाको शरीर रोमाञ्चित हुन थाल्यो । शरीरमा उत्पन्न भएको पुलक रोमाञ्च उत्पत्ति विनाश अनित्य बोधमा बदलियो । शीघ्र नै अनित्य बोधको तरंग निरूद्ध भयो । नित्य, शाश्वत, ध्रुव निर्वाण साक्षात्कार भयो । उनी स्रोतापन्न भईन् । अपरिमित सुखद शान्तिको अनुभूत हुनथाल्यो । तब आमाले सारिपुत्र भन्तेलाई भन्न थालिन् –

“यस्तो सुखद शान्तिको अनुभूति मलाई पहिला नै किन गराउन सकिनौ तिमीले ?”

आमाको यो कुरो सुनी छोरा सारिपुत्र हाँस्नु भयो । धन्य हुनुभयो आमा । धन्य हुनभयो छोरा सारिपुत्र ।

*( क्रमशः बाँकी २३ पेजमा ... )*

Downloaded from http://www.dhamma.digital